बगनासकाली गाउँपालिका,चिर्तुङ्गधारा पाल्पा

लुम्बिनी प्रदेश नेपाल

# राजस्व सुधार कार्ययोजना

**(Revenue Improvement Action Plan)**

बैसाख २०७९

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *रैनादेवी छहरा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **परामर्शदाता :** | *इनोभेटिभ प्लानिङ्ग एण्ड डेभलपभेन्ट कन्सल्ट प्रा.लि., सलिचौर रोल्पा* |
| **सहयोग** | *प्रदेश प्रशिक्षण प्रतिष्ठान बांके, लुम्बिनी प्रदेश नेपाल* |
| **मिति :** | *२०७९ बैसाख* |

# विषय सूची


**भाग १ : पृष्ठभूमि तथा राजस्व सुधार कार्ययोजनाको परिचय** १

१. परिचय १

२. राजस्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्य १

३. राजस्व सुधार कार्ययोजना तर्जुमाको कार्यक्षेत्र २

४. कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया २

१.४.१ तयारी चरण २

१.४.२ शुरुवात चरण २

१.४.३ अन्तिम प्रतिवेदन तयारी तथा पेश चरण ३

**भाग २: बगनासकाली गाउँपालिकाको विद्यमान अवस्था** ४

२.१ बगनासकाली गाउँपालिकाको संक्षिप्त परिचयः ४

२.२ राजस्व प्रशासनमा संलग्न मानव संसाधन ५

२.३ तालिका ३ भौतिक सम्पत्ति ५

**२.४ विगतको आय परिचालनको अवस्था** ६

**२.५ बगनासकाली गाउँपालिकाको राजस्व व्यवस्थापन** ८

**भाग ३: बगनासकाली गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता** १०

**३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानूनी व्यवस्था** १०

**३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरुको विद्यमान अवस्था र सम्भावना** १३

**३.२.१ कर राजस्व** १३

**३.२.२ गैर–कर राजस्व** १७

**भाग ४: बगनासकाली गाउँपालिकाको राजस्व सुधार कार्ययोजना** २०

**भाग ५: आगामी तीन वर्षको आय प्रक्षेपण** ३०

५.१ राजस्व प्रक्षेपणको आधार ३०

**भाग ६: निष्कर्ष तथा सुझावहरु** ३३

६.१ बगनासकाली गाउँपालिकाको आय संक्षेपमा ३३

६.२ बगनासकाली गाउँपालिकाको आन्तरिक आय ३४

६.३ राजस्व प्रशासन सुधारका प्राथमिकताहरु ३५

६.४ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन ३६

**अनुसूची १ : सन्दर्भ सामग्रीहरू** ३८

**अनुसूची २ : तथ्यांकरसूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम** ३९

**अनुसूची ३ : स्थानीय राजस्व परामर्श समिति गठ्न तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था** ४५

**अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेप(ा गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ) ढांचा** ४६

**अनुसूची ५ आर्थिक कार्यविधि** ४७

**अनुसूची-५: अभिमुखिकरणमा सहभागिहरुको नामावली** ५८

# भाग १ : पृष्ठभूमि तथा राजस्व सुधार कार्ययोजनाको परिचय

## १. परिचय

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार क्षेत्रको व्यवस्था छ, जसमा स्थानीय तहको राजस्व अधिकारको व्यवस्था गरिएको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा एकल स्रोत परिचालन गर्न सक्ने अधिकार दिएको छ । यसका अतिरिक्त अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँटको व्यवस्था गरेको छ । दुबै ऐनले स्थानीय तहको वित्तीय अधिकारलाई व्याख्या गरी विभिन्न कर, शुल्क, दस्तुर तथा दण्ड जरिवानावाट आय आर्जन गर्नसक्ने अधिकार प्रदान गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने सेवा प्रवाह तथा सेवा सुविधा प्रवाह गर्ने क्षमतालाई बृद्धि गर्न राजस्व सम्वन्धी योजना, नीति तथा कानूनहरुको तर्जुमा गरी कार्यान्वय गर्न आवश्यक हुन्छ ।

विद्यमान अवस्थामा ज्यादातर स्थानीय सरकारहरुको आयको मुख्य हिस्सा संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विषेश अनुदानका साथै राजस्व बाँडफाँटवाट प्राप्त हुने रकमले ओगटेको पाईन्छ । स्थानीय सरकारको खर्च गर्ने क्षमता विकासको लागि आफुलाई प्राप्त राजस्व अधिकारको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन जरुरी हुन्छ, जसले स्थानीय स्वायत्ततालाई प्रवर्धन गर्न सहयोग गर्नेछ । स्थानीय तहहरुलाई आन्तरिक रुपमा राजस्व संकलन गर्ने अधिकार प्रदान गरिए तापनि यसलाई सही रुपमा उपयोग गर्न स्थानीय सरकारहरुमा राजस्व सम्वन्धी नीति, कानून तथा कार्यविधिहरुको तर्जुमा, आय सम्भाव्यताको पहिचान, राजस्व दर निर्धारण, राजस्व अनुमान तथा कार्यान्वयन क्षमता सुधार गर्न आवश्यक देखिन्छ । यसको लागि स्थानीय सरकारको राजस्व परिचालनसंग सम्वद्ध पक्षहरुको क्षमता विकास गरी आवश्यकता अनुसार सहयोगको आवश्यकता देखिन्छ । स्थानीय सरकारको राजस्व परिचालन सम्वन्धी व्यवस्था पूर्ण तथा सही रुपमा कार्यान्वय हुन नसक्नुको मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था गरी सूचना तथा तथ्यांक प्रणालीको स्थापना, आय संकलन तथा अभिलेख तथा नियन्त्रण प्रणालीको स्थापना अभ्यासमा क्षमता तथा तत्परताको कमी हुनु रहेको छ ।

यो राजस्व सुधार कार्ययोजना इनभेटिभ ल्यानिङ्ग एण्ड डेभलपभेन्टको सहकार्यमा तयार पारिएको हो । यस दस्तावेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा बगनासकाली गाउँपालिकाका निर्वाचित प्रतिनिधि, कर्मचारी तथा यसका सरोकारपक्षहरूले आफ्नो योगदान दिएका छन् । यस अन्तर्गत राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, आन्तरिक आय सुधारकालागि सहभागीतात्मक विधिबाट समस्या तथा अबसरहरूको पहिचान गरी सुधारको लागि कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी बगनासकाली गाउँपालिकालाई आय प्रक्षेपणलाई मार्गदर्शन गर्ने कार्य गरिएको थियो ।

## २. राजस्व सुधार कार्ययोजना तर्जुमाको उद्देश्य

बगनासकाली गाउँपालिकाको आन्तरिक आयका संभावनाहरुको पहिचान गरी अधिकतम परिचालनका लागि देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा बगनासकाली गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस राजस्व सुधार कार्ययोजनाको मूख्य उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- राजस्वका आन्तरिक स्रोतहरुको सम्भाव्यता विश्लेषण गरी राजस्व संकलन फरक पहिचान गर्ने,
- राजस्व व्यवस्थापन प्रणाली सुधार तथा राजस्व संकलन क्षमता सुधारकोलागि राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने,

- राजस्व स्रोतका नयाँ क्षेत्रहरुको खोजी गर्ने,
- आगामी तीन बर्षको लागि राजस्व प्रक्षेपण गर्ने,

## ३. राजस्व सुधार कार्ययोजना तर्जुमाको कार्यक्षेत्र

राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा प्राविधिक सहयोग प्रदान गर्ने क्रममा बगनासकाली गाउँपालिकाको भ्रमण गरी सहयोगका कार्यक्रमहरु सम्पन्न गरिएको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न निम्न अनुसारको कार्यक्षेत्र निर्धारण गरिएको थियो ।

- सन्धर्भ सामग्रीहरुको संकलन तथा अध्ययन,
- प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा तथा राजस्व शाखा प्रमुखलाई राजस्व सुधार कार्ययोजना सम्वन्धी अभिमुखिकरण,
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा, राजस्व प्रक्षेपण तयार गर्नको लागि बगनासकाली गाउँपालिकावाट सूचना संकलन,
- राजस्व सुधार कार्ययोजनो प्रारम्भिक मस्यौदा तयार गरी पेश गर्ने,
- स्थलगत भ्रमण गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गर्ने र प्रारम्भिक राजस्व सुधार कार्ययोजना तथा राजस्व प्रक्षेपणलाई पुनरावलोकन गर्ने,
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा बगनासकाली गाउँपालिकामा पेश गर्ने,
- सुझावहरु समावेश गरी राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप दिने,
- अन्तिम राजस्व सुधार कार्ययोजनाप्रतिवेदन पेश गर्ने ।

## ४. कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

कार्ययोजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएको विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### १.४.१ तयारी चरण

संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यविधि लगायत अन्य सन्दर्भ सामग्रीहरुको संकलन तथा अध्ययन गरिएको थियो ।

### १.४.२ शुरुवात चरण

तयारी चरण पुरा भए पछि गाउँपालिकाले यस कार्यक्रमका लागि उपलब्ध गराएको फोकल पर्सन मार्फत् बगनासकाली गाउँपालिकासंग सम्पर्क स्थापना गरी सहयोग कार्यको शुरुवात गरिएको थियो ।

**बगनासकाली गाउँपालिकावाट तथ्यांक तथा सूचना संकलनः** प्राविधिक सहयोग टोलीले बगनासकाली गाउँपालिकाका कर्मचारीहरुसंग सम्पर्क स्थापना गरी कार्यक्रम सञ्चालनको लागि सम्पर्क व्यक्ति तोक्न तथा तयार गरिएको तथ्यांक संकलन सूची अनुसारको सूचना उपलब्ध गराउन अनुरोध गरेको थियो ।

**राजस्व सुधार कार्ययोजना सम्वन्धी अभिमूखिकरणः** बगनासकाली गाउँपालिकावाट प्रारम्भिक तथ्यांक तथा सूचना संकलन पश्चात उक्त सूचनाहरुलाई विश्लेषण गरी अभिमुखिकरणको लागि प्रस्तुति सामग्री तयार गरीएको थियो । बगनासकाली गाउँपालिकाको राजस्व सुधार कार्ययोजना सम्वन्धी अभिमुखिकरण कार्यक्रम २०७८ चैत्र ९ र १० गते सञ्चालन गरिएको थियो । अभिमुखिकरण कार्यक्रमका सहभागिहरुको नामावली अनुसूची १ मा दिईएको छ । अभिमूखिकरण कार्यक्रममा बगनासकाली गाउँपालिकाको आगामी आर्थिक वर्षको आय बजेट अनुमान, हालको

राजस्व परिचालनको अवस्था र चालु आ.व.को आर्थिक ऐनमा सुधार गर्नुपर्ने पक्षहरुमा विस्तृत छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा बगनासकाली गाउँपालिकाबाट प्राप्त विगत आर्थिक वर्षहरुको आय विवरण तथा हाल कार्यान्वयनमा रहेको चालु आ.व.को आर्थिक ऐनमा अस्पष्ट भएका तथ्यांक तथा प्रावधानमा सम्बन्धित बगनासकाली गाउँपालिकाहरुबाट थप स्पष्टता प्राप्त भएको थियो । कार्यक्रमका सहभागि जनप्रतिनिधि तथा कर्मचारीहरुले समेत राजस्व परिचालन सम्बन्धी विविध विषयहरु (आर्थिक ऐन, राजस्व क्षेत्राधिकार, आम्दानी कोड र व्याख्या आदी) संग आफ्ना जिज्ञासाहरु राख्दै सुझाव प्राप्त गरेका थिए ।

**राजस्व सम्बन्धी कानूनहरु तथा आय अनुमानको मस्यौदा तयारीः** अभिमुखिकरण कार्यक्रममा बगनासकाली गाउँपालिकावाट प्राप्त सूचनाको आधारमा प्राविधिक सहयोग टोलीले आगामी आर्थिक बर्षकोलागि आर्थिक ऐन र महालेखा नियन्त्रक कार्यालयले सिफारिश गरेको राजस्व संकेत तथा वर्गिकरण र व्याख्याको आधारमा राजस्व अनुमान मस्यौदा तयार गरी बगनासकाली गाउँपालिकामा बुझाएको थियो । प्राविधिक सहयोग टोलीले छलफलवाट निम्न अनुसारको सूचना संकलन गरेका थिए ।

- मूख्य राजस्वका स्रोतहरुको सम्भाव्यता अध्ययनको लागि आवश्यक सूचना
- राजस्व शाखाको भौतिक सूविधा तथा सूचना प्रविधिको उपयोग
- बगनासकाली गाउँपालिकाले पारित गरेको राजस्व सम्वन्धी कानून तथा कार्यविधि, आन्तरिक नियन्त्रणको अवस्था, क्षमता विकासको आवश्यकता
- विगतको आय संकलनको अवस्था तथा समस्याहरु
- राजस्व बजेट र कर तथा शुल्क निर्धारण प्रकृया
- राजस्वका नयाँ क्षेत्रहरुको सम्भावना
- राजस्व प्रणालीमा सुधारकोलागि गर्नुपर्ने कार्यहरु तथा नयाँ अवधारणा आदी ।

**तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारीः** बगनासकाली गाउँपालिकामा भएको लक्षित समूह छलफल, अन्तरवार्ता, कार्यशाला, अवलोकन तथा कार्यालयवाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूका आधारमा विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो । यसरी तयार भएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सुझावको लागि बगनासकाली गाउँपालिका समक्ष पेश गरिएको छ ।

### १.४.३ अन्तिम प्रतिवेदन तयारी तथा पेश चरण

उल्लेखित मस्यौदा प्रतिवेदन उपर बगनासकाली गाउँपालिकाबाट प्राप्त सुझावहरु समेटी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार गरि पेश गरिएको हो ।

# भाग २: बगनासकाली गाउँपालिकाको विद्यमान अवस्था

यस भागमा राजस्व परिचालनका क्षेत्रलाई मध्येनजर गर्दै बगनासकाली गाउँपालिकाको परिचय तथा गाउँपालिकाको विगतको आय परिचालनको अवस्था र सोको व्यवस्थापकीय पक्षको बारेमा संक्षेपमा व्याख्या गरिएको छ ।

## २.१ बगनासकाली गाउँपालिकाको संक्षिप्त परिचयः

### क. बगनासकाली गाउँपालिका एक परिचय

नेपालको संविधान- २०७२ जारी भएपश्चात नेपालमा संघिय शासन प्रणाली लागु भएको र सोही अनुरुप नेपालमा संघ प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित भएको छ । सवै तहको हक अधिकार र कर्तव्यको सम्वन्धमा संविधानले स्पष्ट पारेको अवस्था छ ।

यसरी जनतालाई आफ्नै प्रनितिधीद्धारा शासन गर्न पाउने र जनताकै घरदैलोबाट शासकिय गतिविधी सञ्चालन गरी सरल सहज र गुणस्तरिय सरकारी सेवाको प्राप्त गर्ने जनताको अधिकार सुनिश्चत गर्न ल्याईएको संघिय शासन प्रणाली अन्तर्गत नेपाललाई ७ प्रदेश र ७५३ स्थानिय तहमा विभाजित गरिएको छ । स्थानीय तह अन्तर्गत महागाउँ पालिका, उपमहागाउँ पालिका, गाउँ पालिका र गाउँपालिका रहने व्यवस्था छ जसमध्ये बगनासकाली गाउँपालिका पनी एक हो ।

वगनासकाली गाउँपालिका, पाल्पाको सदरमुकाम तानसेन नगरपालिका देखी ७ कि.मि. उत्तरमा अवस्थित छ । यो गाउँपालिका ८४.१६ बर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यहाँको कुल जनसँख्या (२१३६१ रहेको छ । यस गाउँपालिकाको सिमानाको कुरा गर्नुपर्दा गाउँपालिकाको पूर्वमा रम्भा गाँउपालिका, पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालिगण्डकी नदी, दक्षिणमा माथागढी गाँउपालिका पर्दछ ।

यस गाउँपालिकाको केन्द्र साविक चिर्तुङ्गधारा गा.वि.स.को चिलाङ्दी भञ्ज्याङ्मा राख्ने सहमति भएता पनि हाल कार्यालय संचालनका लागि भौतिक पुर्वाधार नभएका कारण साविक चिर्तुङ्गधारा गा.वि.स.को कार्यालय भएको भवनबाट कार्यालय संचालन भई आएको छ । कार्यालय भवन निर्माणका लागि आवस्यक जग्गा व्यवस्था गर्नका लागि जग्गा खोज तथा व्यवस्थापन समिति गठन भई सकेको छ । उक्त समितिले उपलब्ध गराएको ठाँउमा कार्यालयको भवन निर्माण भएपछि सोहि भवन बाट कार्यालय संचालन हुने छ ।

### ख. ऐतिहासिक चिनारी तथा नामाकरण

यसको नामाकरण गर्ने क्रममा शुरुमा यहाँका राजनैतिक दलहरुमा दुई मत रहेको थियो । पहिलो मत साविक यम्घा, दर्लमडाडाँ, र खानिगाँउ गा.विस.हरुको काखमा बहने पवित्र नदी कालिगण्डकी नदीको नामबाट नामाकरण गरि कालिगण्डकी गाउँपालिका नामाकरण गर्ने भन्ने थियो भने दोस्रो मत साविक चिर्तुङ्गधारा गा.वि.स.को शिरमा रहेको पवित्र धार्मिक स्थल वगनासदेवी स्थानको नामबाट बगनासदेवी गाउँपालिका नामाकरण गर्ने भन्ने रहेको थियो । अन्त्यमा दुबै नामलाई मिलाई नामाकरण गर्ने सहमति भए पछि बगनासदेवीको बगनास र कालिगण्डकीको काली शब्दको संयोजनवाट बगनासकाली गा.पा. नामाकरण भएको हो । यहाँको पवित्र धार्मिक स्थल बगनासदेवी स्थानको ईतिहास निकै पुरानो मानिन्छ । परापुर्वकालमा चिलाङ्गदी भन्ज्याङ्गको आसपासमा घना वन थियो । मानिसहरुको आवादी बढ्दै जाँदा घना बन मासेर बस्ती बसाईएकोले यो ठाँउलाई वनमासा भनियो । बगनास डाँडाको शिरमा देविको मन्दिर स्थापना गरि यस ठाउँलाई पवित्र स्थानका रुपमा पुजिदै आईयो । कालान्तरमा बननास शब्द अपभ्रम्स भएर बगनास भएको किम्बदन्ती रहेको छ । राज्य पुर्नसंरचना गरि संघिय शासन ब्यबस्था लागु गर्ने सन्र्दभमा साविक चिर्तुङ्गधारा गा.वि.स.को कार्यालय भएको भवनबाट कार्यालय सञ्चालन भई रहेको छ ।

## २.२ राजस्व प्रशासनमा संलग्न मानव संसाधन

बगनासकाली गाउँपालिकाकाको राजस्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा निर्वाचित जनप्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, घरेलु तथा साना उद्योग विकास समितिका प्रतिनिधि तथा राजस्व उपशाखाका प्रमुख गरी देहाय बमाजिमको ७ सदस्यीय राजस्व परामर्श समिति गठन भै कार्यरत रहेको छ ।

**तालिका १: राजस्व परामर्श समिति**

| क.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | सरस्वती दर्लामी चिदी | उपाध्यक्ष | संयोजक |
| २ | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | | कार्यपालिका सदस्य | सदस्य |
| ४ | | कार्यपालिका सदस्य | सदस्य |
| ५ | ... | प्रतिनिधि (उद्योग वाणिज्य संघ) | सदस्य |
| ६ | ... | प्रतिनिधि (घरेलु तथा साना उद्योग विकास समिति) | सदस्य |
| ७ | .... | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

राजस्व प्रशासनका लागि बगनासकाली गाउँपालिकामा आर्थिक प्रशासन शाखा अन्तर्गत् एक उपशखा स्थापना गरिएको छ । उक्त उपशाखामा सहाकयस्तर चौथो तहका कर्मचारीलाई जिम्मेवारी प्रदान गरिएको छ । यस उपशाखा तथा कार्यरत कर्मचारीको हालसम्म कार्यविवरण नभएता पनि मुख्यत: राजस्व संकलन, वडा बाट संकलित राजस्वको लगत अभिलेख तथा केही राजस्व शिर्षकका ठेक्का निर्धारण सम्बन्धी काम गर्नु रहेको छ । राजस्व प्रशासनमा कार्यरत कर्मचारीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका द्: राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूको विवरO (द्ण्ठड )

| क.सं. | पद | कार्यरत संख्या |
|---|---|---|
| १ | | |
| | | |

## २.३ तालिका ३ भौतिक सम्पत्ति

| ख. | स्वामित्वमा रहेका भवन, घर तथा टहरा | | |
|---|---|---|---|
| क.सं. | स्थान | भवनको विवरण | |
| १. | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| ख. | **स्वामित्वमा रहेका भवन, घर तथा टहरा** | | |
|---|---|---|---|
| क्र.सं. | स्थान | भवनको विवरण | |
| | | | |

## २.४ विगतको आय परिचालनको अवस्था

बगनासकाली गाउँपालिकाको आयको मुख्य स्रोतको रुपमा संघ तथा प्रदेशवाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँड बापट प्राप्त आय रहेको देखिन्छ । बगनासकाली गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा करिव ५ प्रतिशत भन्दा कम देखिन्छ । बगनासकाली गाउँपालिकाले आन्तरिक राजस्वको लेखा वर्तमान राजस्व संकेतको वर्गीकरण र व्याख्या अनुरुप राखेको छ यसरी लेखांकन गर्ने क्रममा केही शिर्षक नमिलेता पनि अधिकांस शिर्षकहरु मिलेका छन् । नमिलेका शिर्षकहरुलाई आगामी आ.व.का लेखांकनमा मिलाउनुपर्ने देखिन्छ ।

बगनासकाली गाउँपालिकाको विगत वर्षको यथार्थ आय , आ.व. २०७८।७९ को अनुमान र २०७९/८० अनुमानित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ ।

तालिका ३: बगनासकाली गाउँपालिकाको राजस्व संकलनको अवस्था

| राजस्व संकेत | राजस्व शीर्षक | आ.ब. २०७७/७८ को यथार्थ | आ.ब. २०७८/७९ को अनुमान | आ.ब. २०७९/८० को अनुमान |
|---|---|---|---|---|
| १०००० | **राजश्व तथा अनुदान** | | | |
| | **अनुदान** | | | |
| | **संघीय सरकार** | | | |
| १३३११ | समानिकरण अनुदान | १२२५००००० | | १३००००००० |
| १३३१२ | शसर्त अनुदान चालु | २२०५१९६२० | | २३००००००० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | |
| १३३१४ | विषेश अनुदान चालु | ८०००००० | | ८५००००० |
| १३३१५ | विषेश अनुदान पूँजिगत | | | |
| १३३१६ | समपुरक अनुदान चालु | १४२६२००० | | १५०००००० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | |
| १३३१८ | अन्य अनुदान चालु | | | |
| १३३१९ | अन्य अनुदान पूँजिगत | | | |
| | **प्रदेश सरकार** | | | |
| १३३११ | समानिकरण अनुदान | ५४६२००० | | ६०००००० |
| १३३१२ | शसर्त अनुदान चालु | १४८५०००० | | १७०००००० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | |
| १३३१५ | विषेश अनुदान पूँजिगत | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | |
| | **राजस्व बाँडफाट तथा रोयल्टी** | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.ब. २०७७/७८ को यथार्थ | आ.ब. २०७८/७९ को अनुमान | आ.ब. २०७९/८० को अनुमान |
|---|---|---|---|---|
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ९४३८८५२ | | ९५०००००० |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६१६४०२६४ | | ६२०००००० |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ११७०९६२९ | | १३०००००० |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ६९३२३८६ | | ७५००००० |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ४३९५२३१ | | ४५००००० |
| १४१५७ | अन्य | ९४११६३६४ | | ९५००००० |
| | **आन्तरिक स्रोत** | | | |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | ३००७३५४ | | ४१४०००० |
| ११३१४ | भूमी कर/मालपोत | २१६०१२ | | ३१३७५०० |
| ११३२१ | घर बहाल कर | ६१४७८५ | | १४७६००० |
| ११३२२ | बहाल विटौरी (शुल्क) | | | ३००००० |
| ११३६२ | ओखटेपाहारमा लाग्ने कर (कवाडी कर) | | | |
| ११४५१ | सवारी साधन कर (अटो रिक्सा, इरिक्सा) | | | ७०००० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | |
| १४२११ | कृषि उत्पादनको विक्रीबाट प्राप्त आय | १३५८०० | | |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम ( लिलामी) | | | |
| १४२२४ | परिक्षा शुल्क | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १२२४१५ | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | |
| १४२४२ | नक्सापास दस्तुर | ३९३९२३ | | ४३८०००० |
| १४२४३ | सिफारिश दस्तुर (अन्य प्रमाणित समेत) | १५९७७६५ | | २५००००० |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १३५२०० | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ४७३४०० | | |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | १२७०९ | | |
| १४२५४ | रेडियो/एफ.एम. संचालन दस्तुर | | | |
| १४२६५ | अन्य क्षेत्रको आय | ३१६१८३ | | १००००० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ११२५ | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | |
| १४५२९ | अन्य राजस्व | ६२७२९२ | | |
| १४६११ | व्यावसाय कर | ६६८९८७ | | ९४८७५० |
| १५१११ | बेरुजु | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.ब. २०७७/७८ को यथार्थ | आ.ब. २०७८/७९ को अनुमान | आ.ब. २०७९/८० को अनुमान |
|---|---|---|---|---|
| | **वित्तीय सम्पत्ति तथा दायित्व** | | | |
| ३२१२१ | नगद | | | |
| ३२१२२ | बैंक मौज्दात | १२९४०९२७८ | | १३००००००० |
| | **जम्मा राजस्व, अनुदान, सम्पत्ति तथा दायित्व** | **६०८८९१३३८** | | **६५१८३२२५०** |

*स्रोत: बगनासकाली गाउँपालिकाबाट प्राप्त सवन्धित आ.व. को वित्तीय विवरण तथा वजेट*

*नोट: बगनासकाली गाउँपालिकाबाट प्राप्त विवरणलाई राजस्व संकेत वर्गिकरण तथा व्याख्याको आधारमा शीर्षक मिलान गरी प्रस्तुत गरिएको छ ।*

## २.५ बगनासकाली गाउँपालिकाको राजस्व व्यवस्थापन

अध्ययनको क्रममा प्राप्त सूचन तथा जानाकारी, स्थलगत अवलोकन तथा सरोकारवाला संग गरिएको छलफलका आधारमा हेर्दा हाल बगनासकाली गाउँपालिकाको राजस्व परिचालनको प्रशासनिक व्यवस्था देहाय अनुसार रहेको छ :

- राजस्व अनुमान तथा राजस्वका दरहरु निर्धारण गर्ने क्रममा स्थानीय राजस्व परामर्श समितिमा छलफल हुने गरेको ।
- आर्थिक प्रशासन शाखा अन्तर्गत एउटा राजस्व उप-शाखा रहेको ।उक्त उपशाखामाहाल प्रशासन सहायक स्तर ३ जना मात्र कार्यरत।
- राजस्व संकलनका लागि सफ्फट्वेयर जडान भई गाउँपालिका केन्द्र तथा केही वडाहरुमा संचालनमा आएको । विद्युत आपूर्ती तथा इन्टरनेट पहुँचको कारण सम्पुर्ण वडाहरुबाट सफ्फट्वेयर मार्फत राजस्व संकलनहुन नसकेको ।
- वडा कार्यालयहरुले मालापोत कर, सम्पत्ति कर, व्यवसाय कर, घटना दर्ता विलम्ब शुल्क, सिफारीश तथा प्रमाणित दस्तुर बापतको रकम संकलन गर्ने गरेको ।

वडा कार्यालयहरुले संकलित रकम बैंक दाखिला गरि राजस्व संकलनको विवरण सहितको प्रतिवेदन राजस्व उप शाखमा बुझाउने गरेको । तर उक्त रकम कति दिन भित्र बैंक दाखिला गर्नुपर्ने भन्ने सन्दर्भमा लिखित जानाकारी नभएकाले वडाहरु विचमा बैंक दाखिला तथा राजस्व उपशाखामा बुझाउने प्रतिवेदनमा एकरुपता नभएको ।

- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली संघीय सरकारले तोकेको ढाँचा (एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, महालेखा नियन्त्रक कार्यालय) अनुरुप भएको ।
- आर्थिक ऐनका प्रावधान र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- सम्पत्ति कर, मालपोत, व्यवसाय कर र घरजग्गा बहाल करको प्रशासन कमजोर रहेको ।

बगनासकाली गाउँपालिकाको हालको राजस्व प्रशासन तथा परिचालनको उल्लेखित व्यवस्थालाई विश्लेषण गर्दा राजस्व व्यवस्थापन प्रणालीमा सुधारकोलागि निम्न कार्यहरु गर्नुपर्ने देखिन्छ :

- आर्थिक बर्ष शुरुहनु भन्दा पहिले नै आर्थिक ऐन वडा कार्यालयहरुलाई उपलब्ध गराउने र सो अनुसार छुट सहुलित तथा दण्ड जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउने ।
- स्वीकृत आर्थिक ऐनको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीलाई अद्यावधिक गर्ने ।

- राजस्व सम्वन्धी जनचेतना मूलक कार्यक्रम संचालन गर्न कर सम्वन्धी प्रचार प्रसार सामग्री तयार गरी प्रचार प्रसार गर्ने ।
- राजस्व उपशाखाको क्षमता विस्तार कम्तिमा ३ जना कर्मचारीको व्यवस्था गर्ने ।
- वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, इन्टरनेट तथा पावर व्याकअपको पुर्ण व्यवस्था गर्ने ।
- राजस्व शाखामा काम गर्ने कर्मचारी तथा वडा सचिवहरुलाई राजस्व सफ्टवयर सञ्चालन तालिम दिने ।
- वडा सचिवले वडावाट उठेको रकम महिना समाप्त भएको पहिलो हप्ता भित्र अनिवार्य बगनासकाली गाउँपालिकामा दाखिला गर्ने व्यवस्था गर्ने ।
- वडावाट संकलित रकम आय शीर्षक अनुसार छुट्याई गाउँपालिकामा दाखिला गर्ने ।
- निर्वाचित जनप्रतिनिधिहरुलाई स्थानीय कर सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- राजस्व परामर्श समितिको कार्यविधि तर्जुमा गर्ने ।
- राजस्व परामर्श समितिको बैठक त्रैमासिक रुपमा अनिवार्य वसी राजस्व संकलन अवस्थाको समिक्षा तथा राजस्व संकलन कार्यको अनुगमन गर्ने ।
- उत्कृष्ठ करदातालाई सभावाट प्रत्येक बर्ष सम्मान गर्ने ।
- राजस्वको दर तथा असुली व्यवस्था समावेश गरी राजस्व सम्वन्धी नागरिक वडापत्र प्रकाशन गर्ने ।
- राजस्व रसिद नियन्त्रण प्रणाली, राजस्व चुहावट नियन्त्रण प्रणाली स्थापनाको लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउने ।

# भाग ३: बगनासकाली गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार बगनासकाली गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानूनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ( असविव्यऐ), २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

### (क) स्थानीय तहको एकल अधिकारः

**अ) कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थाससंऐ)
- भूमिकर (मालपोत): सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- घर जग्गा बहाल कर:कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर,कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- व्यबसाय कर: व्यापार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा (स्थाससंऐ)
- सवारी साधन कर: टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्याबसायिक उपयोग गरे बापत (स्थाससंऐ)

**आ) शुल्क**

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ् शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यबसायमा । (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) (स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ)

**ई) बिक्री**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

**उ) सामुदायिक वनबाट आय**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनुपर्ने । (स्थाससंऐ)
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

**ऊ) प्रचलित कानून बमोजिम सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
    - *स्थानीय सहकारी संस्था*
    - *१०० बाट सम्मको एफएम रेडियो*
    - *घ वर्गको ठेक्का इजाजत*
    - *सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय*
    - *प्राविधिक शिक्षा तथा व्याबसायीक तालिम*
    - *मातृ भाषामा शिक्षा दिने विद्यालय*
    - *ट्युसन, कोचिङ्ग*
    - *औषधि पसल*
    - *परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा*
    - *ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
    - *स्थानीय स्तरका व्यापारिक फर्म*
    - *स्थानीय तहका पत्र पत्रिका*
    - *जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक*
    - *स्थानीय स्तरका संघ संस्था*
    - *इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन*
    - *लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)*
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविब्यऐ)

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरुलाई प्रदान गरेको राजस्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजस्वको दर तथा संकलनका अन्य आधारहरुको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ । त्यसैगरी कर तथा शुल्क सङ्कलनकोलागि स्थानीय तहहरुले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन् ।

**(ग) राजस्व बाँडफाँट**

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने ।

(आ) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने

(ई) विज्ञापन करको दर स्थानीय तहले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम स्थानीय तहको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरीने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

**(घ) अनुदान**

- <u>वित्तीय समानीकरण अनुदान:</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- <u>सशर्त अनुदान:</u> कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- <u>समपूरक अनुदान:</u> पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- <u>विशेष अनुदान:</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

संघीय तथा प्रदेश सरकारबाट प्रदान गरीने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट अन्तर्गत संकलित रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेशसरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । समपूरक तथा विशेष अनुदानका लागि स्थानीय तहहरुबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको

छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकारक्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्:

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असूली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ( स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने ( असविव्यऐ)
- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)
- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ)

## ३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरुको विद्यमान अवस्था र सम्भावना

गाउँ पालिकालाई प्राप्तकानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ। यस भागमा गाउँ पालिकाको आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरु परिचालनको विद्यमान अवस्था, सम्भावनाको शिर्षगत् रुपमा विश्लेषण गर्दे प्रभावकारी परिचालनका उपायहरुको खोजी गरिएको छ ।

आब २०७८।७९ मा गाउँपालिकाले देहाय बमोजिम राजश्व नीति लिएको छ ।

● समित स्रोत र साधनको उच्चतम सदुपयोगका निम्ति परिचालन गरीनेछ,

● राजश्व तर्फ चाल ु आ.व. मा बगनासकाली गाउपालिकाबाट लिइदै आएको विभिन्न शीर्षक अनुसारको दस्तुरमा राजश्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउ''सभाबाट यस आ.व.का लागि पारित गरिने सबै कर, महशुल, दस्तुर, शूल्क, रोयल्टी, जरिवाना र मापदण्डहरुको कार्यान्वयन गरीनेछ,

● राजश्वका दरहरु जनमैत्री तथा दायराहरु फराकिलो बनाउदै लगिने नीति अबलंम्वन गरीनेछ,

● कर सहभागिता र सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरीनेछ,

### ३.२.१ कर राजस्व

**(क) सम्पत्ति कर**

**हालको अवस्था:** बगनासकाली गाउँपालिकाको आर्थिक ऐन २०७७ ले गाउपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

**संभाव्यता:** बगनासकाली गाउँपालिकाबाट प्राप्त तथ्यांक अनुशार यस गाउँपालिका क्षेत्रमा करिब ५५०० वटा घरहरु रहेका छन् । विगत आ.व.हरुमा सम्पत्ति कर संकलनको अवस्था र दर्ता भएका घरधुरीको विश्लेषण गरि उक्त घरहरुलाई ती घरले चर्चेको जग्गा र घरको बनौट तथा क्षेत्रफल अनुशार देहायअनुशार मुल्यांकनमा वर्गिकरण गरि सम्भाव्यता आंकलन गरिएको छ :

तालिका ४: सम्पत्ति करको सम्भाव्यता विवरण

| क्र. सं. | हालको मूल्य अनुसार सम्पत्तिको वर्गिकरण | औषत मूल्यांकन | अनुमानित संख्या | औषत कर रकम | कुल सम्भाब्यता रु |
|---|---|---|---|---|---|
| १ | एक देखि १२ लाखसम्म | १०० | | १०००० | ६०% ले उठाउदा हुने ६००० |
| २ | १२ लाखदेखि ५० लाख सम्म | १००० | ४००० | ४०००००० | ६०% ले उठाउदा हुने २४००००० |
| ३ | ५० लाख देखि १ करोड सम्म | १५०० | १४०० | २१००००० | ६०% ले उठाउदा हुने १२६०००० |
| **जम्मा** | | | | **६११००००** | **३६,६६,०००** |

**सुधारका पक्षहरू:** बगनासकाली गाउँपालिकाले विगतको सम्पत्ति करको व्यवस्था अनुसार नै सम्पत्ति कर असुल गरी आएकोले आ.ब. २०७८।७९ देखि स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार सम्पत्ति कर, घर र सो घरले चर्चेको जग्गामा लगाउने व्यवस्था भएको र बाँकी जग्गामा भूमिकर (मालपोत) लगाउने भनिएकोले सो व्यवस्थालाई यथासक्य छिटो कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावर थप जग्गा मात्र भनि ब्याख्या गरिएको छ । ऐनले सम्पत्ति कर नलाग्ने घरजग्गाको समेत ब्याख्या गरेकोले त्यसलाई समेत कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । सम्पत्ति करका सम्बन्धमा बगनासकाली गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- आर्थिक ऐनको व्यवस्था अनुसार सम्पत्ति कर सफ्टवयरमा सुधार गर्ने ।
- सम्पत्ति कर व्यवस्थापनको लागि कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- सम्पत्ति कर असुल गर्ने सम्बन्धमा राजस्व उपशाखा तथा वडा कार्यालयका कर्मचारीहरुका लागि आवशयक तालिम तथा अभिमुखिकरण संचालन गर्ने ।
- सम्पत्ति करको दर पुनरावलोकन गरि आवश्यक परिमार्जन गर्ने

### ख. भूमि कर/मालपोत

**हालको अवस्था:** बगनासकाली गाउँपालिकाले आर्थिक ऐन २०७७ मा गाउपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमि कर(मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

**संभाव्यता:** हालसम्म व्यक्तिको स्वामित्वमा रहेको जग्गा तथा विभिन्न क्षेत्रगत रुपमा रहेका जग्गा सम्बन्धी यथार्थ तथ्यांक प्राप्त हुन नसकेकाले विगतमा सम्पत्ति कर संकलनका क्रममा प्राप्त तथ्यांकका आधारमा नै मालपोत संकलनको सम्भावना गणना गरिएको छ । बगनासकाली गाउँपालिका क्षेत्रमा करिब ६००० जनाको समित्वमा मालपोत योग्य जग्गा रहेको अनुमान छ । बगनासकाली गाउँपालिकाले चालु आ.व. देखि जग्गाको मुल्यांकनको आधार (सम्पत्ति कर प्रयोजनमा लिइएको न्यूनतम मुल्यांकन नै मालपोतका लागि समेत प्रयोग हुने) मा मालपोत संकलन गर्ने नीति लिएकाले वार्षिक देहाय अनुरुपम मालपोत संकलनको सम्भावना देखिन्छ :

तालिका ५: भूमिकर (मालपोत) को सम्भाव्यता विवरण

| क.सं. | जग्गाको मूल्य | औसत मुल्यांकन रकम | करदाताको संख्या | औषत कर रकम | कुल सम्भाब्यता रु |
|---|---|---|---|---|---|
| १ | १ करोड भन्दा बढी मूल्यांकन हुने जग्गा धनी | १ करोड २५ लाख | १०० | १००,००० | १०,००,००० |
| २ | ५० लाख देखि १ करोडसम्म मूल्यांकन हुने जग्गा धनी | ७५ लाख | ३०० | ५,००० | १५,००,००० |
| ३ | १० लाख देखी ५० लाखसम्म मूल्यांकन हुने जग्गा धनी | १५ लाख | २००० | २५० | ५००००० |
| ३ | १० लाख भन्दा कम मूल्यांकन हुने जग्गा धनी | ५ लाख | ३१०० | १०० | ३१०००० |

| क.सं. | जग्गाको मूल्य | औसत मुल्यांकन रकम | करदाताको संख्या | औषत कर रकम | कुल सम्भाब्यता रु |
|---|---|---|---|---|---|
| **जम्मा** | | | ५५०० | | ३३१०००० ६०% ले उठाउदा १९८६००० |

**सुधारका पक्षहरुः** स्थानीय सरकार सञ्चालन ऐनले सम्पत्ति करको दायरामा आउने वाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था रहेको छ । बगनासकाली गाउँपालिकाले आ.व. २०७९/८० देखि भूमिकर ( मालपोत) लागु गर्न निम्न कार्यहरु गर्नुपर्ने देखिन्छः

- बगनासकाली गाउँपालिकाको आर्थिक ऐनले तोके वमोजिम करको दरलाई सफ्टवयर प्रणालीमा अद्यावधिक गर्ने ।
- वडा कार्यालयवाट प्रदान गरिने सिफारिशहरु मालपोत रकम भुक्तानी गरेपछि मात्र उपलब्ध गराउने व्यवस्था गर्ने ।
- सम्पुर्ण वडा कार्यालयहरुमा मलापोत संकलन तथा बक्यौताको विवरण अद्यावधिक गर्ने ।
- बाँझो जग्गामा लाग्ने मालपोत दर अन्यको तुलनामा बढी लिने गरी कानूनी व्यवस्था गर्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्थाः** बगनासकाली गाउँपालिकाले आर्थिक ऐन २०७७ मा उल्लेख गर्दै बगनासकाली गाउँपालिका क्षेत्रभित्रको गाउपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संघ संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिनेछ ।

**संभाव्यताः** आर्थिक गणना २०७८ अनुसार करिव १५० वटा व्यबसाय आफ्नो घरदेखि वाहिरको भवनमा रहेको देखिएको छ । त्यैगरि करिब २०० वटा घरका कोठा तथा घरहरु घरयासी प्रयोजनामा बहालमा रहेको अनुमान छ । बगनासकाली गाउँपालिकाको आ.व. २०७९/८० को आर्थिक ऐनले संगठित संघ संस्था, कम्पनी, कार्यालय तथा व्यवसायीक प्रयोजनलाई बहालमा दिएमा बहाल अंकको १० प्रतिशतका दरले र घरायसी प्रयोजनमा बहालमा दिएमा बहाल अंकको २ प्रतिशतका दरले वहाल कर निर्धारण गर्नु पर्ने देखिन्५ । यस अनुसार प्रचलित वहालमा लाग्ने रकमको आधारमा घरजग्गा बहाल करको सम्भाव्यता निम्न अनुसार अनुमान गरिएको छ ।

तालिका ६: घरजग्गा बहाल करको सम्भाव्यता विवरण

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | कुल संख्या | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत अनुमानित भाडा रकम | वार्षिक भाडा रकम | **घर बहाल कर** |
|---|---|---|---|---|---|---|
| १ | संघसंस्था,व्यावसाय र घरबासी प्रयोजनमा बस्नेहरू | | | ०० | ००० | ४२०००० ६०% ले उठाउदा २५२००० |

**सुधारका पक्षहरूः** सम्पत्ति करको आधार र घरजग्गा बहाल करको करको आधार एउटै भएकोले दुबैको अभिलेखलाई एक आपसमा आबद्ध गर्न आवश्यक देखिन्छ । घरजग्गा बहाल कर प्रणालीमा थप सुधारका लागि निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएको छः

- वहाल रकमवारे सूचना लिन घरजग्गा स्वयं घोषणा फाराम छपाई गर्ने ।

- घरजग्गा वहाल करको लगत संकलन तथा कर असुलीको लागि व्यवसाय कर टोलीको साथमा वहाल कर संकलन टोली खटाउने ।
- घरजग्गा वहाल करको लगत संकलन गरी अभिलेखन राख्ने र सफ्टवयरमा प्रविश्ट गर्ने ।
- घर जग्गा बहाल कर निर्धारणको लागि न्यूनतम वहाल मुल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा ब्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई पनि आधार लिने ।
- बहालमा वस्नेहरुको लगत संकलन गरी सम्पत्ति करको अभिलेख प्रणालीसंग आबद्ध (Link)गर्ने ।

**घ. व्यबसाय कर**

**हालको अवस्थाः** गाउँ पालिकाको आर्थिक ऐन २०७७ ले बगनासकाली गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यबसाय र सेवामा व्यबसायहरुलाई व्यवसाय तथा सेवाका किसिमका आधारमा उक्त क्षेत्रहरु अन्तर्गत्का व्यवसायहरुलाई समेत तीनिहरुको कारोबारको स्तर उनुशार थप उपक्षेत्रमा वर्गिकरण गरि करको दर निर्धारण गरेको थियो ।

**संभाव्यताः :**यस बगनासकाली गाउँपालिका क्षेत्रमा करिब ५०० व्यासायिक प्रतिष्ठानहरु रहेको देखाउँदछ । बगनासकाली गाउँपालिकाको आर्थिक ऐन २०७८ मा व्यवस्था गरेको करको दर अनुसार औषत रु. २००० ले करिब १० हुने र साको करिब ६० प्रतिशत मात्र संकलन भएमा ६ लाख संकलन हने सम्भाव्यता आँकलन गरिएको छ ।

**सुधारका पक्षहरूः** बगनासकाली गाउँपालिकाको व्यबसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छः

- व्यवसाय करकोलागि व्यवसाय दर्ता गरी व्यवसाय प्रमाणपत्र दिन तथा व्यवसाय कर असुलीको लागि स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा व्यवसाय दर्ता तथा व्यवसाय कर संकलन टोलीहरु गठन गरी परिचालन गर्ने ।
- व्यवसाय करको अभिलेख सफ्टवयरमा इन्ट्री गरी लगत तयार गर्ने ।
- कारोवार रकम एवं व्यापारिक दृष्टिले महत्वपूर्ण क्षेत्रलाई समेत आधार लिई दर स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा करको दर पुनरावलोकन प्रस्ताव तयार गर्ने ।
- व्यबसायको दर्ता, नवीकरण र खारेजीको व्यवस्था सहित व्यबसाय कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

**ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर**

**हालको अवस्थाः** पालिकाले आ.व. ०७७/०७८ का लागि अनुसूची-५ अर्न्तगतको कवाडी मालसामान र जीवजन्त कर कानूनको अधिनमा रही कर लगाउनका लागि सूचना प्रकाशित गरेर वढावढद्धारा आय संकलन गर्न/गराउन गाउँ कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरेको तर दर निर्धारण गरेको देखिदैन ।

**संभावनाः** बगनासकाली गाउँपालिकाका बजार क्षेत्रहरुबाट कवाडी तथा अन्य वनजंगल क्षेत्रबाट जडिबुटी निकासी गरी कर संकलन हुने संभावना भने देखिन्छ । आगामी आ.व.मा करिब १ लाख संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- कवाडी संकलन हुने स्थान र परिमाण जानाकारीका लागि तथ्यांक संकलन गर्ने ।
- कवाडीका प्रकृति अनुशार करको दर आर्थिक ऐनमा उल्लेख गर्ने ।

- कवाडी वस्तुहरुको व्यवसायिक रुपमा संकलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

**च. सवारी कर**

**हालको अवस्थाः** बगनासकाली गाउँपालिकाले अनुसूची (६) बमोजिम सवारी साधन कर प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**सम्भाव्यताः** बगनासकाली गाउँपालिका क्षेत्रमा करिव ५० वटा अटोरिक्साहरु संचालनमा रहेको अनुमान छ । बगनासकाली गाउँपालिकाको आर्थिक ऐनले यस्ता सवारीवाट वार्षिक ३००० कर लिने व्यवस्था गरेकोले यस शीर्षकवाट बार्षिक रु १५०,०००.आय हुने सम्भाव्यता देखिन्छ ।

**छ) विज्ञापन कर**

**हालको अवस्थाः** विगत आ.व.मा रु.

गाउ‘‘पालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ ।

**संभावनाः**

यस बगनासकाली गाउँपालिकाको बजारक्षेत्रका केही स्थानमा विज्ञापन सामाग्री रहेका देखिन्छन् भने भविष्यमा विज्ञापन सामाग्रीको संख्या बढ्दै जाने अनुमान सहजै गर्न सकिन्छ । तत्काल विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा अनुमानित रु.१००००० संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका सामाग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

## ३.२.२ गैर–कर राजस्व

**क) बहाल बिटौरी शुल्क**

**हालको अवस्थाः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । बगनासकाली गाउँपालिकाले आर्थिक ऐन २०७७ मा अनुसूची- ९ बहाल विटौरी कर अर्न्तगत बगनासकाली गाउँपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गामा आवास तथा व्यवसाय प्रयोजनको लागि घर टहरा निर्माण गरी प्रयोग गर्दै आएका संघ संस्था, व्यापारी र व्यक्तिहरुलाई सार्वजनिक जग्गा जमिन प्रयोग गरे वापत क्षेत्र, स्थान र प्रयोजनको आधारमा बहाल बिटौरी कर लिन तपसिल बमोजिमको दररेट कायम गरेको छ ।

| क.सं. | क्षेत्र (स्थान) | व्यापार प्रयोजन भएका | आवास प्रयोजन भएका |
|---|---|---|---|
| १. | सिद्धार्थराजमार्गको दायाँ, बायाँका जग्गा | रु. १५००।- | रु.५००।- |
| २. | अन्य स्थानका जग्गाको | रु. १०००।- | रु. ३००।- |

आफ्नो क्षेत्र भित्रका सार्वजनिक स्थलमा वनेका घर, सटर, पसल, टहरामा वहाल विटौरी शुल्क लगाउने व्यवस्था भएतापनि दरका सन्दर्भमा प्रदेश कानुन बमोजिम हुने र कार्यपालिकाको निर्णय बमोजिम संकलन गरिने भनिएको छ । जुन पुर्ण रुपमा बगनासकाली गाउँपालिकाको अधिकार क्षेत्र हो ।

**संभाव्यता:** बगनासकाली गाउँपालिका क्षेत्रभित्रका पर्ति र सरकारी जग्गाहरुमा व्यक्तिहरुले संरचना वनाई पसल व्यवसाय तथा वसोवास गरेको पाइन्छ । मुख्यतः बगनासकाली गाउँपालिकाको बजारको सडकको दायाँ वायाँ क्षेत्रमा सार्वजनिक स्थलको प्रयोग गरि घुम्ति पसहहरु तथा केही घर टहरा रहेको पाईन्छ ।  यस शीर्षकवाट बार्षिक करिब ७५ हजार सम्भाव्यता देखिन्छ । तथ्यांक संकलन गरी व्यवस्थित गर्न सके आम्दानी बृद्धि हुने देखिन्छ ।

**सुधारका पक्षहरू:** बगनासकाली गाउँपालिकाले वहाल विटौरी शुल्क लागु गरी आय आर्जन गर्नको लागि निम्न अनुसारको कार्य गर्नुपर्ने देखिन्छ ।

- सार्वजनिक जग्गा उपयोग गरी घर निर्माण भएका स्थानहरु र वनेका संरचनाहरुको तथ्यांक संकलकोलागि टोली खटाई अभिलेख खाता तयार गर्ने ।
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरुलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन संभ्कौताको नमूना सहितको कार्यविधि तर्जुमा गर्ने ।
- वहाल विटौरी शुल्क असुलीको लागि छुट्टै रसिद छपाई गर्ने ।

### ग) ढुंगा, वालुवा तथा गिट्टी बिक्री

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क ले बगनासकाली गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ  । गाउँपालिकाले आर्थिक ऐनमा ढुंगा, गिट्टी, बालुवा प्रति क्यू फिट रु. ३ र माटो रु. १ का दरले कर निर्धारण गरेका छ ।

**सुधारका पक्षहरू:**

- आय ठेक्का व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने ।
- सम्भाव्य स्थलहरुको प्रारम्भिक वातावरणिय परिक्षण गर्ने ।
- प्रारम्भिक वातावरणिय परिक्षणले तय गरेको परिमाण र बजार मागलाई मध्यनजर गरि आवश्यक स्थलको ठेक्का आव्हान गर्ने ।
- ठेक्का नलागेको अवस्था बगनासकाली गाउँपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- निजी स्वामित्वमा रहेको जग्गावाट ढुङ्गा तथा गिट्टी बिक्री इजाजत दिनको लागि कार्यविधि तयार गर्ने ।

### घ) पार्किङ्ग शुल्क

**हालको अवस्था:** चालु आर्थिक बर्षको आर्थिक ऐनमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत शुल्कको दर निर्धारण गरेको देखिदैन । गाउँपालिका क्षेत्रभित्र कुनै स्थानमा पार्किङ सुविधा उपलब्ध गराई हालसम्म पार्किङ शुल्क संकलन भएको दैखिदैन ।

**संभावना:** गाउँपालिकाका वडाहरुमा सार्वजनिक यातायात साधन संचालनमा रहेका छन् । सडकको विस्तार र स्तरोन्नतिसँगै सार्वजनिक सवारी साधनको आवागनम बृद्धि हुँदै गएको छ । पार्किङस्थलको आवश्यता पर्ने देखिएको छ । नियमित सवारी साधन आवागमन गर्ने गाउँपालिकाको केही स्थानमा पार्किङ स्थलको व्यवस्था गर्नु पर्ने देखिएता पनि तत्कालै पुर्वाधार तयार गरी शुल्क संकलन गर्ने सम्भावना देखिदैन ।

### ङ) नक्सापास दस्तुर

**हालको अवस्था:**

बगनासकाली गाउँपालिका क्षेत्र भित्र घर बनाउन गाउँपालिकाबाट नक्सापास गर्नुपर्दछ यस सम्बन्धमा बगनासकाली गाउँपालिकाको आर्थिक ऐनमा घरको किसिम र घर भएको स्थानको आधारमा नक्सापास दस्तुर निर्धारण गरिएको छ ।

**सम्भावनाः**

यस बगनासकाली गाउँपालिकाको बजार क्षेत्रमा हालका दिनमा केही भवन निर्माणमा तीव्रता देखिएता पनि यो दर विस्तारै घट्दै जाने अनुमान छ । आगामी आ.ब.मा करिब ५०० घर नक्सापासको दायरामा आउने भई औसत रु२००० ले जम्मा रु १०००००० ६०% ले ६००००० आय संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- निर्माण भइसकेका घरहरुको अभिलेखीकरण गर्ने र सोको दस्तुर आर्थिक ऐनमा तोक्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने ।

### च) सिफारिश तथा प्रमाणित दस्तुर

**हालको अवस्थाः**

बगनासकाली गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरीआएको छ ।आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु. ५ देखि ५००० सम्म निर्धारण गरेको छ । बगनासकाली गाउँपालिकाले वडा कार्यालयहरू तथा गाउँपालिकाबाट सेवाग्राहीलाई आवश्यक सिफारिश तथा प्रमाणित सेवा उपलब्ध गराउदै यस्तो दस्तुर संकलन गर्दछ । वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम वडा सचिवहरूले गाउँपालिकाको राजस्व शाखामा दाखिला गर्ने गरेका छन्

**सम्भावनाः**

बगनासकाली गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूवाट वार्षिक रुपमा एकमुष्ठ सिफारिश तथा प्रमाणित बापत करिब रु १५००००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरणगरी दस्तुरका दर आवश्यक परिमार्जन गर्ने ।
- सिफारिश वा प्रमाणित प्रमाणपत्र चलानी गर्नुपुर्व दस्तुर संकलन गरेको एकीन गर्ने ।
- वडावाट संकलित दस्तुरहरूशीर्षक सहितको विवरण तयार गर्ने ।

## भाग ४: बगनासकाली गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

यस भागमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको बगनासकाली गाउँपालिकाको राजस्व सुधार कर्ययोजना प्रस्तुत गरिएको छ ।

बगनासकाली गाउँपालिकाको राजस्व प्रणालीमा सुधार ल्याउन गर्नुपर्ने कार्यहरुको पहिचान गर्न सम्वद्ध मुख्य सरोकारपक्षहरुको सहभागीतामा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालाका सहभागीहरूवाट भएको समूह कार्यवाट राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरुको पहिचान गरी त्यसलाई प्लेनरीमा भएको प्रस्तुती माथि प्राप्त सुझावहरु समेतको आधार सुधारका लागि गर्नुपर्ने कार्यको सूची तयार गरिएको थियो । प्राविधिक टोलिका सहजकर्ताहरुद्वारा कार्यशालाबाट प्राप्त सुझावहरुका अतिरिक्त लक्षित समूह छलफल तथा अन्तरवार्ताहरुवाट संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई निम्न तीन क्षेत्रमाविभाजन गरिएको छ :

क. राजस्व प्रशासन सुधार योजना,

ख. कर राजस्व सुधार योजना र

ग. गैर कर राजस्व सुधार योजना ।

यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

**तालिका ७ राजस्व सूधार कार्ययोजना**

मस्यौदा तयारी कार्यशाला मितिः .... २०७९

## कर राजश्व सुधार योजना

| क.स | राजस्व शिर्षक | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | सम्पती कर | सम्पत्तीकर सम्बन्धी आर्थिक ऐनमा व्यवस्था गर्ने | असार ५ भित्र | कार्यपालिका र गाउँसभा |
| | | सम्पत्तिकर निर्धारण सम्बन्धी बैज्ञानिक मापदण्ड बनाई कार्यान्वयन गर्न तथ्याङ्क संकलन गर्ने । | | |
| | | | जेष्ठ महिना | गाउँपालिका |
| | | सफ्टवेयरको संचालन मार्फत राजस्व संकलन गर्ने | आषाढ महिना | गापा |
| २ | मालपोत ( भुमी कर) | | | |
| | | भु उपयोग मापदण्डका आधारमा जग्गाजमिनहरुको बैज्ञानिक बर्गिकरण गर्ने | | |
| ३ | घरजग्गा वहाल कर | | जेष्ठ मसान्त भित्र | घरनक्सा तथा नापी शाखा |
| | | गाउँकार्यपालिका र गाउँसभा | | |
| | | जिल्ला मालपोत कार्यलय सँग समन्वय गरी पालिका भित्रका जग्गाहरुको राजस्व दरमा एकरुपता कायम गर्ने | | |
| ४ | व्यवसाय कर | मालपोतको तथ्याङ्क संकलन गरी करदाताको अभिलेखिकरण गर्ने | जेष्ठ मसान्त भित्र | राजस्व शाखा राजस्व परामर्श समिति |
| | | | जेष्ठ मसान्त भित्र | गापा राजस्व शाखा र वडा कार्यालय |
| ५ | सवारी कर | बहालमा रहेका घरजग्गाको लगत संकलन गर्ने | | |
| ६ | जडीवुटी, कवाडी र जीवजन्तु कर | घरधनीहरुलाई आफ्नो बहालमा रहेको घर सम्बन्धी स्वघोषणा गर्न लगाउने | आषाढ मसान्त भित्र | राजस्व शाखा र वडा कार्यालय |
| | | | | |
| | | | | |

## गैर कर राजश्व सुधार योजना

| क.स | विषय | सुधारका लागि गर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | ढुंगा, गिटी, वालुवा बिक्री तथा निकासी | प्रदेशको आर्थिक ऐन बमोजिम गाउँपालिकाले आर्थिक ऐनमा समाबेश गर्ने । | आषाढ ५ गते भित्र | राजस्व परामर्श समिति |
| | | क्ष्भ्भ प्रतिवेदनले तोकेको मापदण्ड भित्र रहेर ढुङगा गिट्टी बालुवाको विक्रि तथा निकासी गर्ने | | |
| | | नियमित अनुगमन गर्ने प्रणालीको विकास गर्ने | | |
| | | | | |
| २ | माटो बिक्री तथा निकासी | - | पालिका भित्र /हेको ;ार्वजनिक तथा निजि जग्गा जमिनको माटो प्रयोग ग/ेवापतको श'ल्क निर्धा/ण गर्ने, | |
| | | - | वताव/णलाई अ;/ नपर्ने ग/ी बिक्री निका;ी गर्न अन'मती दिने | जेष्ठ मसान्त भित्र |
| ३ | घरनक्सा पास दस्तुर | | | |
| | | नक्;ा पा; ;म्वन्धी कार्यविधि तया/ गर्ने / :वीकृत गर्ने . | जेष्ठ मसान्त भित्र | प्राविधिक शाखा कार्यपालिका |
| | | नक्;ा पा; द:त'/को द//ेट आर्थिक ऐनमा व्यव:था गर्ने | | |
| | | नक्;ा पा; गर्न'पर्ने क्षेत्र तोक्ने | | |
| ४ | बहाल विटौरी शुल्क | ;ो क्षेत्रमा घ/ वनाउदा नक्;ा पा; गर्न'पर्ने व्यव:था भएको प्रचा/ प्र;ा/ गर्ने | | |
| | | नक्;ा पा; कार्यको श'?वात गर्ने . | | |
| | | नक्;ा पा; द:त'/ ;+कलन गर्ने | | |

| क.स | विषय | सुधारका लागि गर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| ५ | दर्ता तथा अनुमती दस्तुर | वहाल विटौ/ी श'ल्क ;+कलन तथा श'ल्कको द/ निर्धा/ण ;म्बन्धी व्यव:था आर्थिक ऐनमा गर्ने . | जेष्ठ मसान्त भित्र<br>;ार्वजनिक जग्गा उपभोग गर्ने व्यक्तिह? ;+ग वहाल विटौ/ी ;म्झौता गर्ने<br>बहाल विटौ/ी श'ल्क ;+कलन गर्ने | राजस्व शाखा राजस्व परामर्श समिति कार्यपालिका र गाउँसभा |
| | | - | | |
| | | - | | |
| ६ | फोहोरमैला व्यवस्थापन शुल्क | ..पालिकामा हाट बजार,चालनका लागि सम्भाव्यता अध्ययन गर्ने | बैशाख मसान्त भित्र | राजस्व शाखा र राजस्व परामर्श समिति |
| | | आर्थिक ऐनमा य; ;म्बन्धी द:त'/को तथा दण्ड ज/िवानाको ब्यव:था गर्ने . | जेष्ठ मसान्त भित्र | राजस्व शाखा राजस्व परामर्श समिति कार्यपालिका र गाउँसभा |
| | | मापदण्डका आधारमा अनुमति दिने प्रणालीको विकास गर्ने | | |
| ७ | दिर्घकालिन आय हुने क्षेत्र (पुर्वाधारको विकास) | दर्ता गरि ऐन अनुसारको दर्ता संकलन गर्ने | | |
| | | मासिक शुल्क निर्धाररण गर्ने | १ बर्ष भित्र | राजस्व शाखा राजस्व परामर्श समिति कार्यपालिका र गाउँसभा |

## राजश्वप्रशासन सुधार योजना

| क.स | सुधार क्षेत्र | सुधारको लागिगर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | कानुनीतथानीतिगतव्यवस्था | पालिकालाई प्राप्त राजश्व अधिकार क्षेत्रहरुको विस्तृत अध्ययन गरि करको दर तथा दायरामा परिमार्जन गरि सुझाउ उपलब्ध गराउने | २०७९ बैशाख | राजश्व परामशै समिति |
| | | प्राप्त सुझाव अनुशार राजश्व परिचालनका लागि | २०७९ | गाउँसभा |

| क.स | सुधार क्षेत्र | सुधारको लागिगर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | आर्थिक ऐनमा परिमार्जन गरि समयानुकुल बनाउने | असार | आ.व.०७९।८० |
| | | राजश्व सम्वन्धि स्पष्ट ऐन, नियमकार्यविधिनिर्माण गरी लागु गर्नू पर्ने | २०७९ असार | |
| | संगठनात्मक व्यवस्थातथा कर प्रशासन | - ...पालिकामा बेग्लै राजश्वशाखा गठन गर्ने<br>- स्पष्ट दरबन्दी किटान गरि कर्मचारी नियुक्तगर्ने<br>- उक्त शाखाका लागि आवश्यक कार्यकक्ष तथा भौतिक तथा अन्य सुविधा (सफ्ट्वेयर, कम्प्युटर, प्रिन्टर, फर्निचर आदी)को व्यवस्थागर्ने | २०७९ साउन | प्रमख प्रशासकीय अधिकृत |
| | | कर प्रशासन प्रभावकारी बनाउनका लागी , अनलाईन बाट घरबाटै कर तिर्न सक्ने ,एस.एम.एस सिस्टम, सिसि क्यामेराको प्रयोग डिजिटल सुचनावोर्ड राख्ने | २०७९साउन | प्रमख प्रशासकीय |
| | क्षमता अभिवृद्धी | जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि राजश्व सम्बन्धी तालिम तथा अभिमुखीकरण कायर्कम संचालनगर्ने | २०७९ असार | गा.पा.राजश्व शाखा |
| २ | करदाताशिक्षाकार्यकम | करका विषयमा जानाकारी गराउनका लागि करदाता शिक्षा कार्यक्रम संचालनगर्ने | २०७९ असार | गा.पा. राजश्व शाखा |
| ३ | अभिलेख व्यवस्थापन तथा प्रविधि | - राजश्व संग सम्बन्धीत तथ्यांक तथा स”चनाहरु संकलनगर्ने<br>- उक्त अभिलेख व्यवस्थापनका`लागि कम्प्य’टर सफ्टवयर स्थापना गरी संचालनमा ल्याउने । | २०७९ साउन | राजश्व शाखा।आई.टि. |
| ४ | अनगमन र मल्याङकन | - अन’गमन गर्ने, गोष्ठी तथा छलफल कार्यक्रमगर्ने, आम्दनीखर्चको सार्वजनिकरण गर्ने, आयव्यको लेखाजोखागर्ने<br>- करदाता प्रोत्साहन तथा दण्ड जरिवानाको व्यव्स्थागर्ने | २०७९ मंसिर | प्र.प्र.अधिकृत,राजश्व शाखा |

**कर राजश्व सुधार योजना**

| क.स | राजस्वशिर्षक | सुधारकालागिगर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | सम्पती कर | सम्पत्ति कर सम्बन्धी आर्थिक ऐनमा कानुनी व्यवस्थागर्ने | २०७९ असार | राजस्व शाखा र राजस्व परामर्श समिति |
| | | ऐन, नियमावली, कार्यविधीनिर्माण | २०७९ असार | राजस्व शाखा र राजस्व परामर्श समिति |
| | | तलिम व्यवस्थापन, सफ्टवेयर निर्माण | २०७९साउन | प्र.प्र.अ. र आई.टि. |
| | | सम्पत्ति कर असुली कार्य शुरु गर्ने | साउन२०७९ | वडा कार्यालय |
| २ | मालपोत ( भुमी कर) | सम्पत्ति करलाई समेत मध्यनजर गर्दै जग्गाहरु लाई महत्वका आधारमा क्षेत्रगत विभाजन गरि मालपोतको दरलाई बैज्ञानिक तथा व्यवहारीक बनाउने | साउन२०७९ | पालिका,राजश्व शाखा |
| | | मालपोत लगत अद्यावधिक गरि कम्प्युटरमा अभिलेख राख्ने | २०७९साउन | पालिका,वडा |
| ३ | घर जग्गावहाल कर | तथ्याङ्क संकलनगर्ने | २०७९साउन | वडा |
| | | दररेट निर्धारण गर्ने (दर निर्धारण गर्दा क्षेत्रहरु तोकी न्यूनतम भाडा दर उल्लेख गर्न सकिने) | २०७९ असार | पालिका(राजश्व परामर्श समिति) |
| | | सूचना प्रवाह र कर संकलन गर्ने | २०७९साउन | पालिका,वडा |
| ४ | व्यवसाय कर | - ..पालिका क्षेत्रमा व्यवसायगर्नका ेलागि..पालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने तथा सो को अभिलेख राख्ने ।<br>- करको दर व्यवहारीक बनाउने | २०७९साउन | पालिका,वडा |
| | | - व्यवसाय कर सम्वन्धी प्रचार प्रसार गर्ने र ढीला बुझाउनेसंग जरिवाना लिने व्यवस्थागर्ने ।<br>- व्यवसाय प्रमाण पत्रदिने र वार्षिक व्यवसाय कर संकलन टोली खटाउने<br>- वडा कार्यालयलाई व्यवसाय कर संकलन जिम्मेवारी दिने र सो को अभिलेख राख्ने । | २०७९ कार्तिक | पालिका,वडा |
| ५ | सवारी कर | ..पालिका क्षेत्रमाभएका सवारी साधन ( इरिक्सा, अटो रिक्सा, रिक्सा) लाइ करको | ० | ० |

| क.स | राजस्वशिर्षक | सुधारकालागिगर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | दायरामाल्याउने | | |
| ६ | जडीवुटी, कवाडी र जीव जन्तु कर | जडिबुटी करको दररेट कायमगर्ने | ० | ० |
| | | - प्रमुख जडीवुटीको पहिचान गरी तथ्याङ्क संकलनगर्ने । (जस्तै घिउ कुमारी, कुरीलोर चिराइत्तो, कुकुरदाईने, सुनाखरी, बोझो आदी)<br>- कवाडी संकलनको अवस्था सम्बन्धी तथ्यांक संकलनगर्ने | ० | ० |
| | | कर रकम असुलीगर्ने | ० | ० |

## सहभागिहरु

१ संयोजक कृष्ण प्रसाद बस्याल
२ सदस्य खुमा देवी भट्टराई
३ सदस्य बसन्ती थापा
४ सदस्य कोशल राज पौडेल
५ सदस्य सुजन घिमिरे
६ सदस्य हरि प्रसाद बस्याल
७ सदस्य मुक्तिराम तिमिल्सेना
८ सदस्य खुम बहादुर वि क
९ सदस्य सरिता पाण्डे
१० सदस्य गणेश नेपाली

**ग. गैर कर राजश्व सुधार योजना**

| क.स | विषय | सुधारकालागिगर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | ढुंगा, गिटी, वालुवा बिकी तथा निकासी | विक्री तथा निकासी करको दररेट आर्थिक ऐनमा व्यवस्था गर्ने | २०७९साउन | पालिका,वडा |
| | | IEEप्रतिवेदनले तोकेको मापदण्डभित्र रहेर खानीजन्य वस्तुको विक्री तथा निकासी ठेक्का आह्वान गर्ने । | २०७९ असोज | पालिका |
| | | IEEप्रतिवेदन अनुसार ठेकदारले उत्खनन तथा बिकी गरे नगरेको अनुगमन गर्ने | २०७९ मंसिर | पालिका |
| | | IEEप्रतिवेदनपुनरावलोकन गरि पुनःउत्पादन परिमाण यकीनगर्ने | २०७९ चैत्र | पालिका |
| २ | माटो बिकी तथा निकासी | - पालिका भित्र रहेको सार्वजनिक तथा निजि जग्गा जमिनको माटो प्रयोग गरेवापतको शुल्कनिर्धारण गर्ने, | २०७९ साउन | पालिका,वडा |

| क.स | विषय | सुधारकालागिगर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | - वतावरण लाई असर नपर्ने गरी बिपकी निकासी गर्न अनुमतीदिने | | |
| | | - बिकी निकासी रकमअसुल गर्ने व्यवस्थागरि असुली कार्य शुरु गर्ने | | |
| ३ | घरनक्सा पास दस्तुर | नक्सापास सम्वन्धी कार्यविधि तयार गर्ने र स्वीकृत गर्ने । | २०७९साउन | पालिका |
| | | नक्सापास दस्तुरको दररेट आर्थिक ऐनमा व्यवस्थागर्ने | २०७९ असार | पालिका |
| | | नक्सापास गर्नुपर्ने क्षेत्र तोक्ने<br>सो क्षेत्रमा घर वनाउदा नक्सा पास गर्नुपर्ने ब्यवस्था भएको प्रचार प्रसार गर्ने | २०७९ असार | RM |
| | | नक्सा पास कार्यको शुरुवातगर्ने ।<br>नक्सा पास दस्तुर संकलनगर्ने | २०७९साउन | RM |
| ४ | बहाल विटौरी शुल्क | वहाल विटौरी शुल्क संकलन तथा शुल्कको दर निर्धारण सम्बन्धी व्यवस्था आर्थिक ऐनमा गर्ने । | २०७९ असार | पालिका |
| | | - सार्वजनिक जग्गा उपभोग गर्ने व्यक्तिहरु संग वहाल विटौरी सम्झौतागर्ने<br>- बहाल विटौरी शुल्क संकलनगर्ने | २०७९साउन | पालिका |
| | | - पालिकामा हाट बजार संचालनका लागि सम्भाव्यता अध्ययनगर्ने | २०७९ असार | पालिका |
| ५ | दर्ता तथा अनुमती दस्तुर | आर्थिक ऐनमा यस सम्बन्धी दस्तुरको तथा दण्ड जरिवानाको ब्यवस्थागर्ने । | २०७९ असार | पालिका |
| | | संचालनमा रहेका पसल, ब्यवसाय, सहकारी, विद्यालय आदि लाई दर्ता गराउन पत्राचार गर्ने । | २०७९साउन | पालिका |
| | | दर्ता गरि ऐन अनुसारको दस्तुर संकलन गर्ने | | |
| ६ | फोहोर मैला व्यवस्थापन शुल्क | पालिकामाको निश्चितबजार भित्ररहेको होटल, घर र सघंसंस्था बाट निस्केको फोहर संकलन गर ेबापतप्रकृति हेरी शुल्क निर्धारण गर्ने | २०७९ असार | पालिका |
| | | शुल्क असुलीकार्य शुरु गर्ने | २०७९साउन | वडा |

| क.स | विषय | सुधारकालागिगर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | फोहोर व्यवस्थापनका लागि विस्तृत अध्ययन गरि डम्पिङ्गक्षेत्र पहिचान गर्ने | २०७९ असार | पालिका |
| ७ | दिर्घकालिनआयहुने क्षेत्र<br>(पुर्वाधारको विकास) | पर्यटकीय धार्मिक क्षेत्र विकासकालागि सम्भाव्यता अध्ययन एवम् गुरु योजना निमार्ण गर्ने :<br>- ऱ्याफ्टीङ्<br>- मन्दिरलाई धार्मिक पर्यटनको रुपमाविकास गर्ने<br>- ट्रेकिङ्ग रुटको विकास गर्ने<br>- ..पालिका भित्रका महत्वपूर्ण क्षेत्रहरु माफनपार्क पिकनिक स्थल निमार्ण<br>- आयमुलक क्षेत्र तथा पुर्वाधार विकासका लागि सम्भाव्यता अध्ययनगर्ने :<br>- स्थानिय उत्पादनमाजोड दिने र उत्पादित वस्तुको संकलन गरी विक्री वितरण गर्नकालागि हाटवजार<br>- स्वस्थ र गुणस्तरीय मासूको लागिबजार क्षेत्रमापशुवधशालानिर्माण | बैशाख | पालिका |
| | | - उल्लेखितकार्य (सम्भाव्यता अध्ययन लागि आवश्क कार्यकमबनाई बजेट विनियोजन | | |

## छलफलमा सहभागीहरु :

१. बिष्णु घर्ती प्र.प्र.अधिकृत
२. टिका बहादुर थापा
३. कुल प्रसाद ढुंगाना
४. गणेश प्र.बस्याल
५. गुन बहादुर बुढाथोकी
६. सोम बहादुर झेंडी
७. कपिल ढुंगाना
८. पदम बहादुर थापा
९. यादब प्र न्यौपाने
१०. गोपाल प्र.न्यौपाने
११. माधब प्र.भण्डारी
१२. तिलक बहादुर बुचा
१३. नारायण प्र.आचार्य
१४. नशा मरासीनी
१५. मणिराम अधिकारी

## समुह बिभाजन

### समुह १: करको दर र दाहियार सम्बन्धी

| | |
|---|---|
| टोली प्रमुख | गा पा उपाध्यक्ष सरस्वती चिदी |
| सदस्य | का पा सदस्य तेज प्रसाद रसाली |
| सदस्य | का पा सदस्य पविसरा दर्लामी |
| सदस्य | वडा अध्यक्ष इश्वर कुमार राना |
| सदस्य | का पा सदस्य सिता रोका |
| सदस्य | पार्टि प्रतिनिधि पम्फा गौतम |
| सदस्य | पार्टि प्रतिनिधि विष्णु प्रसाद खनाल |
| सदस्य | सु प्र अ ध्रुव पराजुली् |
| सदस्य | महिला वालवालिका शाखा धन कुमारी राना |
| सदस्य | स्वास्थ्य शाखा उमा भट्टराइ |
| सदस्य | वडा सचिव युवराज पाण्डेय |
| सदस्य | वडा सचिव नारायण प्रसाद गैरे |
| सदस्य | वडा सचिव विराट गैरे |

### समुह २: कर र गैर कर व्यवस्थापन सम्बन्धि

१ संयोजक कृष्ण प्रसाद बस्याल
२ सदस्य खुमा देवी भट्टराई
३ सदस्य बसन्ती थापा
४ सदस्य कोशल राज पौडेल
५ सदस्य सुजन घिमिरे
६ सदस्य हरि प्रसाद बस्याल
७ सदस्य मुक्तिराम तिमिल्सेना
८ सदस्य खुम बहादुर वि क
९ सदस्य सरिता पाण्डे
१० सदस्य गणेश नेपाली

### समुह ३:राजस्व प्रशासनीक सम्वन्धि

१. संयोजक : बिष्णु घर्ती प.प्र.अधिकृत
२. टिका बहादुर थापा
३. कुल प्रसाद ढुंगाना
४. गणेश प्र.बस्याल
५. गुन बहादुर बुढाथोकी
६. सोम बहादुर भ्रेंडी
७. कपिल ढुंगाना
८. पदम बहादुर थापा
९. यादब प्र न्यौपाने
१०. गोपाल प्र.न्यौपाने
११. माधब प्र.भण्डारी
१२. तिलक बहादुर बुचा
१३. नारायण प्र.आचार्य
१४. निशा मरासीनी
१५. मणिराम अधिकारी

## भाग ५: आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरुका लागि बगनासकाली गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको हो । बगनासकाली गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दे आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले बगनासकाली गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

### ५.१ राजस्व प्रक्षेपणको आधार

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व. २०७८।७९ देखि २०८०।८१) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार कार्ययोजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूले पार्नसक्ने प्रभावको आधारमा गरिएको छ। आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुन सक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । आय प्रक्षेपणका आधारहरुलाई शीर्षकगत रुपमा तल व्याख्या गरिएको छ।

तालिका ११: आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू

| क | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| क | आन्तरिक आय तर्फ | १६७१५ | | १४,१९६ |
| १ | सम्पत्ति कर | ६११० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३,५१३ |
| २ | भूमी कर (मालपोत) | ३३१० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २,६६५ |
| ३ | घर बहाल कर | ३०० | कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | २७० |
| ४ | बहाल विटौरी शुल्क | ७५ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ७८ |
| ५ | व्यवसाय कर | ६०० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ५८७ |
| ६ | जडिबुटी, कवाडी, जिवजन्तु कर | ५० | कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ४३ |
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १०४ |
| ८ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ० |
| ९ | अन्य बिक्रिबाट प्राप्त रकम | ५०० | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्री वाट आ.ब. २०७७७८ मा रु ५० हजार संकलन हुने र त्यसपछि बार्षिक १५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान | ५७५ |
| १० | *अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी,* | | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | |

| क | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| | *बालुवा बिक्री)* | | | |
| ११ | प्रशासनिक सेवा शुल्क (मुल्यांकन र सिफारिससमेत) | २५०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २,८७५ |
| १२ | नक्सापास दस्तुर | ६०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६६० |
| १३ | सिफारिश दस्तुर | १५०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १,६५० |
| १४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ११ |
| १५ | नाता प्रमाणित दस्तुर | १० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ११ |
| १६ | अन्य दस्तुर | **५००** | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५५० |
| १७ | न्यायिक दण्ड, जरिवाना र जफत | | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ० |
| १८ | प्रशासनिक दण्ड, जरिवाना र जफत | **५०** | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५५ |
| १९ | अन्य राजस्व | **५००** | अन्य आय वार्षिक ३ लाख हुने अनुमान | ५५० |
| २० | विद्युतबाट प्राप्त रोयल्टी | **५५००** | आ.ब. २०७८।७९ का लागि प्राप्त रकम र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जान | ५,७७५ |
| २१ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | **७५** | | ७९ |
| **ख** | **राजश्व बाँडफाँड** | | | **७५,१६१** |
| **ख.१** | **संघीय सरकार** | | | **६८,३३३** |
| १ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६५०७९ | आ.ब. २०७८।७९ का लागि प्राप्त ६ करोड ५० लाख ७९ हजार र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जान | ६८,३३३ |
| २ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | |
| **ख.२** | **प्रदेश सरकार** | | | **६,८२८** |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६५०३ | आ.व. २०७८।७९मा ६५ लाख र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ६,८२८ |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | | |
| ३ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | |
| ४ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | |
| **ग** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | | **३७४,२७३** |
| **ग.१** | **संघीय सरकार** | | | **३३८,३१०** |
| १ | समानिकरण अनुदान | १००९०० | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | **१०५,९४५** |
| २ | शसर्त अनुदान | २१७१०० | | **२२७,९५५** |
| ३ | समपुरक अनुदान | ० | | **०** |

| क | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| ४ | विशेष अनुदान | ४२०० | | ४,४१० |
| ५ | अन्य अनुदान | | | ० |
| **ग.२** | **प्रदेश सरकार** | | | **३५,९६३** |
| १ | समानिकरण अनुदान | ४७०६ | आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ४,९४१ |
| २ | शसर्त अनुदान | ८५४४ | | ८,९७१ |
| ३ | समपुरक अनुदान | ६००० | | ६,३०० |
| ४ | विशेष अनुदान | १५००० | | १५,७५० |

## भाग ६: निष्कर्ष तथा सुझावहरु

### ६.१ बगनासकाली गाउँपालिकाको आय संक्षेपमा

संकलित तथ्यांक, सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएको कृयाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्येनजर गरी गाउँपालिकाको आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको हो । सारांशमा गत आ.व.को यथार्थ आय, चालु आ.व.को अनुमान र आगामी तीन आ.व.हरुमा हुने आय संरचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका१२ प्रक्षेपित आय संरचना (राजस्व सूधार कार्ययोजनाको कार्यान्वयनको आधारमा)**

रकम रु. हजारमा

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | | अनुमानित | प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| **१००००** | **राजस्व तथा अनुदान** | **३९७,०९२** | **४६२,३४१** | **४५६,३८६** | **४८०,८०५** | **५०६,६६२** |
| **क.** | **आन्तरिक आय** | **३०,१३९** | **४,६००** | **२४,७७५** | **२७,२७२** | **३०,०७६** |
| ११३१३ | सम्पत्ति कर | | | ३,५१३ | ४,०४० | ४,६४६ |
| ११३१४ | भूमी कर/मालपोत | | | २,६६५ | ३,०६४ | ३,५२४ |
| ११३२१ | घर बहाल कर | | | २७० | ३२४ | ३८९ |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | | | ७८ | ८९ | १०३ |
| १४६११ | व्यवसाय कर | | | ५८७ | ६७४ | ७७६ |
| ११६११ | जडिबुटी, कवाडी तथा जिवजन्तु कर | | | ४३ | ५० | ५७ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | १०४ | ११९ | १३७ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | | ५७५ | ६६१ | ७६० |
| १४२१९ | बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | | | | | |
| १४२२९ | प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | | | २,८७५ | ३,३०६ | ३,८०२ |
| १४२४२ | नक्सापास दस्तुर | | | ६६० | ७२६ | ७९९ |
| १४२४३ | निवेदन तथा सिफारिश दस्तुर (सबै प्रकारका) | | | १,६५० | १,८१५ | १,९९७ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | | ११ | १२ | १३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | ११ | १२ | १३ |
| १४२४९ | अन्य दस्तुर | | | ५५० | ६०५ | ६६६ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | ५५ | ६१ | ६७ |
| १४५२९ | अन्य राजस्व | | | ५५० | ६०५ | ६६६ |
| | विद्युतबाट प्राप्त रोयल्टी | ५३५५ | | १०५०० | ११,०२५ | ११,५७६ |
| | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | | ७९ | ८३ | ८७ |
| **ख.** | **राजस्व बाँडफाँड** | **७१,०२२** | **९५,८१३** | **७५,१६१** | **७९,२६१** | **८३,५९९** |
| | **संघीय सरकार** | **६५,१००** | **९०,३१३** | **६८,३३३** | **७१,७५०** | **७५,३३७** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६५१०० | ९०३१३ | ६८,३३३ | ७१,७५० | ७५,३३७ |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ | | अनुमानित | प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | | ० | ० |
| १४१५४ | बाँडफाँड भई प्राप्त खनिज रोयल्टी | | | | | |
| | **प्रदेश सरकार** | ५,९२२ | ५,५०० | ६,८२८ | ७,५११ | ८,२६२ |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ५९२२ | ५५०० | ६,८२८ | ७,५११ | ८,२६२ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | | |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | | | |
| **ग.** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **२९५,९३१** | **३६१,९२८** | **३५६,४५०** | **३७४,२७३** | **३९२,९८६** |
| | **संघीय सरकार** | २६३,४०० | ३२१,१०० | ३२२,२०० | ३३८,३१० | ३५५,२२६ |
| १३३११ | समानीकरण अनुदान | ९१८०० | ९३८०० | १००९०० | १०५,९४५ | १११,२४२ |
| १३३१२ | शसर्त अनुदान चालु | १७१,६०० | २१०,३०० | २१७,१०० | २२७,९५५ | २३९,३५३ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | १७००० | | | |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | ४२०० | ४,४१० | ४,६३१ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| | **प्रदेश सरकार** | ३२,५३१ | ४०,८२८ | ३४,२५० | ३५,९६३ | ३७,७६१ |
| १३३११ | समानीकरण अनुदान | ४३३१ | ५०२८ | ४७०६ | ४,९४१ | ५,१८८ |
| १३३१२ | शसर्त अनुदान चालु | ८००० | १४८०० | ८५४४ | ८,९७१ | ९,४२० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | ५२०० | ६००० | ६००० | ६,३०० | ६,६१५ |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | १५००० | १५००० | १५००० | १५,७५० | १६,५३८ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |

उल्लेखित तालिका अनुशार बगनासकाली गाउँपालिकाको कुल आय संरचनामा आन्तरिक आयको हिस्सा २.६१ प्रतिशत भन्दा न्यून तर बढ्दो क्रममा देखिन्छ । आगामी आ.व.हरुमा कुल आय बढ्दै जादा आन्तरिक आयको योगदान पनि बढ्दै जानुलाई राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन भएमा हुन सक्ने सकारात्मक परिणामलाई लिन सकिन्छ ।

## ६.२ बगनासकाली गाउँपालिकाको आन्तरिक आय

राजस्व सुधार योजनाको कार्यान्वयन भई आन्तरिक आय परिचालनमा सुधार आउदा आगामी आ.व.मा बगनासकाली गाउँपालिकाले रु. ३०,०७६००० आन्तरिक आय संकलन गर्ने अनुमान गरिएको छ ।

## ६.३ राजस्व प्रशासन सुधारका प्राथमिकताहरु

बगनासकाली गाउँपालिकाको आन्तरिक आय संकलनमा सुधार ल्याउनका लागि आयका मुख्य स्रोतहरुमा विशेष ध्यान दिनुका साथै राजस्व प्रशासन प्रणालीमा सुधार ल्याउन जरुरी हुन्छ । राजस्व सुधार कार्ययोजनाको आधारमा गाउँपालिकाले ध्यान दिनुपर्ने मुख्य क्षेत्रहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

**सम्पत्ति कर तथा मालपोत संकलन प्रणालीमा सुधारः** बगनासकाली गाउँपालिकाको अनुमानित आन्तरिक आयको करिव ॥ प्रतिशत हिस्सा यी दुई करले ओगट्ने देखिन्छ । दुबै कर प्रणालीमा सुधारका लागि आर्थिक ऐनले गरेको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीमा सुधार गरी सम्पत्तिको विवरण संकलन गरी कर असुली प्रणाली स्थापना गर्न जरुरी देखिन्छ । वडा कार्यालयहरुमा इन्टरनेट र भौतिक पूर्वाधारको स्थापना गरी सम्पत्ति कर संकलन कार्य वडा कार्यालयहरुवाट गर्नको लागि वडा सचिवहरुलाई तालिम दिई क्रमशः जिम्मेवारी हस्तान्तरण गर्दै जान आवश्यक देखिन्छ ।

**वहाल विटौरी शुल्कः बगनासकाली गाउँ**पालिका क्षेत्रमा रहेका ऐलानी तथा पर्ति जग्गाहरुमा व्यक्तिले घर निर्माण गरी वसोवास तथा पसल व्यवसाय गरेका पाईन्छ तर गाउँपालिकाले निजहरुवाट कुनै शुल्क लिएको देखिदैन । बगनासकाली गाउँपालिकाले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम शुल्क संकलन गर्न लगत तयार गरी वडा कार्यालय समेतको सहभागितामा बहाल विटौरी शुल्क संकलन कार्यको शुरुवात तत्कालै गर्नुपर्ने देखिन्छ ।

**व्यवसाय तथा घरजग्गा वहाल करः** बगनासकाली गाउँपालिकाले हालसम्म व्यवसाय करको लागि व्यवसायहरु दर्ता गरी कर संकलन गरेको देखिदैन । गाउँपालिकाले स्थानीय उद्योग वाणिज्य संघसंगको सहकार्यमा टोली निर्माण गरी व्यवसाय दर्ता तथा कर संकलन अभियान सञ्चालन गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले व्यवसाय कर संकलन गर्ने क्रममा घरजग्गा वहाल करको समेत लगत तयार गरी संकलन कार्यको शुरुवात गर्नुपर्ने देखिन्छ ।

**राजस्व संकलन कार्यविधिहरुको तर्जुमाः** राजस्व संकलन कार्यलाई व्यवस्थित गर्न तथा एकरुपताका लागि आयका मुख्य स्रोतहरु जस्तो सवारी साधन संचालन तथा व्यवस्थापन, सम्पत्ति कर, वहाल विटौरी शुल्क, निजी जग्गावाट प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी) को बिक्री, व्यबसाय कर आदिको विवरण संकलन, मूल्यांकन, कर निर्धारण, अभिलेख व्यवस्था, सहुलियत, जरिवाना, खारेजी आदि कार्यको प्रक्रियागत स्पष्टताका लागि कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

**छुट तथा जरिवानको कार्यान्वयनः** चालु आर्थिक बर्ष देखि बगनासकाली गाउँपालिकाको आर्थिक ऐनले गरेको छुट तथा जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउन सफ्टवयर प्रणालीमा सुधारका साथै वडा कार्यालयहरु जानकारी गराई सो अनुसार व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**जनचेतना मूलक कार्यक्रम तथा राजस्व परीक्षणः** बगनासकाली गाउँपालिकाले व्यवस्था गरे बमोजिम कर संकलन व्यवस्था तथा छुट तथा जरिवानाबारे जनतामा सूचना प्रवाह गर्न जनचेतना नागरिक वडापत्र तथा प्रचार प्रशार कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ । राजस्व संकलन हुने स्थानहरुमा राजस्वको अभिलेख सही रुपमा राखिएको, सही तरिकाले कर तथा शुल्क निर्धारण भएको, बक्यौताको अभिलेख सही तरिकाले राखिएको, सही तरिकाले राजस्व संकलन भएको, संकलित राजस्व सम्वन्धित खातामा सही रुपमा कार्यालयमा दाखिला भएको जस्ता विषयलाई यकीन गर्न राजस्व परीक्षणको भूमिका महत्वपूर्ण हुन्छ । बगनासकाली गाउँपालिकाको राजस्व संकलन

कार्यमा बडाहरुवाट समेत राजस्व संकलन हुने भएकोले जनचेतना मूलक कार्यक्रम सञ्चालन र राजस्व परीक्षणमा राजस्व परामर्श समितिको अग्रसरतामा राजस्व परीक्षण सुदृढ हुन आवश्यक देखिन्छ ।

## ६.४ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन

सहभागीतात्मक पद्धति अपनाई तर्जुमा गरिएको तालिकामा दिइएको राजस्व सुधार कार्ययोजना कार्यान्वयनका लागि गाउँपालिकाले राजस्व सुधार कार्यक्रमलाई व्यय वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक हुन्छ । कार्ययोजनामा उल्लेख भएको कार्य सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरे बमोजिमको आय संकलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजना अन्तर्गतका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुबाट पनि सहयोग लिन सकिन्छ । बगनासकाली गाउँपालिकाको आफ्नो वार्षिक योजना तथा बजेटमा राजस्व सुधार कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालनका लागि बजेट व्यवस्था गर्न आवश्यक देखिन्छः

- राजस्व कम्प्युटर सफ्टवर प्रणालीमा सुधार, मर्मत तथा संचालन तालिम
- कार्यालयको राजस्व शाखा तथा वडाहरुलाई आवश्यक पर्ने इन्टरनेट, उपकरण तथा सामग्रीहरुको व्यवस्था
- मुख्य आयका स्रोतहरुको व्यवस्थापनको लागि कार्यविधिहरु तर्जुमा
- कर शिक्षा कार्यक्रम तथा कर संकलन टोली परिचालन
- वडाका कर्मचारीहरुको क्षमता विकास
- राजस्व संकलनको अनुगमन तथा राजस्व परीक्षण ।

***अन्त्यमा,*** उल्लेख गरिए अनुसार बगनासकाली गाउँपालिकाको राजस्व प्रशासन लाई थप व्यवस्थित तथा प्रभावकारी बनाउदै प्रक्षेपित आय हासिल गर्नका लागि गाउँपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा तत्काल सुधारका लागि सुझाइएका कदमहरु निम्नानुसार छन् :

- *राजश्व असुलीको अनुगमन कार्यमा राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।*
- *आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने ।*
- *कर असुली व्यवस्था ब्यवस्थित गरी कम्प्यूटरीकृत अभिलेख तयार गर्ने ।*
- *घरवहाल कर तथा ब्यवसाय करलाई प्रभावकारी कार्यान्वयन गर्ने ।*
- *बहाल विटौरी शुल्कको सम्भावनालाई मध्यनजर गर्दै सो को परिचालनमा जोड दिने ।*
- *प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्री सम्वन्धी वार्षिक ठेक्कालाई समयवद्ध र नियमित गर्ने ।*

बगनासकाली गाउँपालिकालाई प्राप्त राजस्व अधिकारहरुमध्ये कतिपय अधिकारहरु क्रमिक रुपले परिष्कृत हुँदै आउँदा राजस्व प्रशासनलाई त्यस अनुरुप पारदर्शी र जवाफदेही बनाउनुपर्ने देखिन्छ ।

# अनुसुचिहरु

## अनुसूची १ : सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७६/७७
- संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध व्यवस्थापन ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार ( मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- तिनाउ गाउँपालिकाको आर्थिक ऐन २०७८
- तिनाउ गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको बार्षिक विकास योजना, बजेट तथा कार्यक्रमहरू
- नेपाल सरकारको वजेट वक्तव्य, २०७७।७८
- नेपाल सरकारको आर्थिक ऐन, २०७७
- लुम्बिनी प्रदेश सरकारको वजेट वक्तव्य, २०७७।७८
- लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७८
- तिनाउ गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदन, २०७७ र २०७८ (महालेखा परीक्षकको कार्यालयको website https://oag.gov.np/local-level/report/ne मा प्राप्त)
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७७/२०७८, नेपाल सरकार
- आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य, लुम्बिनी प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८ का लागि सवारी साधन कर बाँडफाँडको अनुमानित विवरण, लुम्बिनी प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८ मा नेपाल सरकारबाट स्थानीय तहले प्राप्त गर्ने अनुमानीत रोयल्टी रकम, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## अनुसूची २ : तथ्यांकरसूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम

## तथ्यांक संकलन सूची

**गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय
- मुख्य पूर्वाधारको अवस्था
- आर्थिक अवस्था
- सामाजिक, सांस्कृतिक तथा पर्यटकिय अवस्था

**गाउँपालिकाको संगठन तथा राजस्व प्रशासन :**

- संगठन संरचना तथा कर्मचारीको विवरण
- भौतिक सुविधाहरु
- राजस्व शाखा तथा राजस्व प्रशासन
  - राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
  - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
  - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्यभौतिक सुविधाहरु
  - राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्टवेयर र त्यसको प्रयोग
  - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
  - वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

**गाउँपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरणः**

- विगत तीन आर्थिक वर्षहरु (२०७३/७४, ०७४/७५ र ०७५/७६) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७६/७७) को अनुमानीत/बजेट विवरण र मंसिर मसान्तसम्मको यथार्थ संकलन
- चालु आर्थिक वर्षका लागि गाउँ सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

**अन्य दस्तावेज तथा सूचनाहरु**

- निर्वाचित पदाधिकारी र कर्मचारीको विवरण
- गाउँ सभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- गाउँपालिकाको बस्तुस्थिति विवरण (एचयाषभ)
- राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु
- स्रोतः प्रशासन, आर्थिक प्रशासन, राजस्व शाखा

# तथ्यांक संकलन फारम

**क. स्वामित्व वा भोग चलनमा रहेका जग्गा**

| क्र.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वाबहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोग चलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

**ख. स्वामित्वमा रहेका भवन**

| क्र.सं. | स्थान | भवनको विवरण | हालको उपभोग | भाडा वाबहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

**ग. राजस्वमा प्रतक्ष्य आधारित सूचनाहरु**

**१. भवन सम्बन्धी विवरण**

| क्र.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| ज्ञ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु<br>*(नोटः व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)* | | | |
| द्द | औद्योगिक प्रयोजनका भवन/घरहरु | | | |
| घ | आवासिय भवन/घरहरु | | | |

| | | | | |
|---|---|---|---|---|
| घाज्ञ | *कच्ची घरहरु (कच्ची जोडाई तथा छाना)* | | | |
| घाद्द | *अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)* | | | |
| घाघ | *पिलर सिस्टम नभएको पक्कि घर ९ध्ष्तजयगत चर्म्रत्र ँचकभ क्तचगअतगचभ०* | | | |
| घाद्ध | *पिलर सिस्टम भएको पक्कि घर ९ध्ष्तज चर्म्रत्र ँचकभ क्तचगअतगचभ०* | | | |
| **जम्मा** | | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

### २. जग्गा सम्बन्धी विवरण

| **क्र.सं.** | **जग्गाको किसिम** | **अनुमानितक्षेत्रफल** | **औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | |
| २ | आवासिय क्षेत्र | | | |
| ३ | कृषी क्षेत्र | | | |
| ४ | वन तथा अन्यक्षेत्र | | | |
| **जम्मा** | | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

### ३. सवारी साधन सम्बन्धी विवरण

| **क्र.सं.** | **सवारी साधन** | **अनुमानित संख्या** | **कैफियत** |
|---|---|---|---|
| ज्ञ | अटो रिक्सा, ई रिक्सा | | |
| द्द | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

### ४. व्यापार तथा व्यवसायसम्बन्धी विवरण

| **क्र.सं.** | **व्यापार व्यवसायको विवरण** | **साना लगानी** | **मझौला लगानी** | **ठुला लगानी** |
|---|---|---|---|---|
| ज्ञ | उद्योग | | | |
| द्द | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, | | | |

| क.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी |
|---|---|---|---|---|
| | विमा आदि) | | | |
| घ | व्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | |
| ङ | डिलर तथा थोक विक्रेता | | | |
| छ | अन्य ब्यवसायहरु | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय, उद्योग वाणिज्य संघ

**५. खानीजन्य वस्तु विक्रीको विवरण**

| उत्खनन स्थल | बस्तुहरु | कुल उत्खनन योग्य परिणाम | विक्री मुल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|
| | ढुङ्गा | | | |
| | गिट्टी | | | |
| | स्लेट | | | |
| | बालुवा | | | |
| | दहत्तर वहत्तर | | | |
| | ढुङ्गा | | | |
| | गिट्टी | | | |
| | स्लेट | | | |
| | बालुवा | | | |
| | दहत्तर वहत्तर | | | |

स्रोत : आर्थिक प्रशासन शाखा, हालको ठेक्का प्रक्रिया, आईई प्रतिवेदन तथा सरोकारवालासँग छलफल

### ६. जडिबुटी, कवाडी र जिवजन्तु व्यवसायिक उपयोग

| क.सं. | बस्तुहरु | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ग. | जिवजन्तु | | | |
| | | | | |

### ७. वहाल विटौरी

| क.सं. | सम्पत्तिहरु | इकाई | परिमाण | दर |
|---|---|---|---|---|
| **क.** | **भवन तथा कोठाहरु** | | | |
| | | | | |
| **ख.** | **मेसिनहरु** | | | |
| | | | | |
| **ग.** | **सार्वजनिक सम्पत्ति** | | | |
| | | | | |

स्रोत : राजस्व परामर्श समिति, आर्थिक प्रशासन, राजस्व तथा जिन्सी शाखा, वडा कार्यालय

### ८. गाउँपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

| क.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थानवा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| ज्ञ | फोहरमैला व्यवस्थापन | | | | |
| द्ब | धारा | | | | |
| छ | अतिथिगृह | | | | |

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थानवा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| ट | धर्मशाला | | | | |
| ड | सभागृह | | | | |
| ढ | ढल निकास | | | | |
| ज्ञण | सडक बत्ति | | | | |
| ज्ञज्ञ | सार्वजनीक शौचालय | | | | |
| ज्ञद्द | पार्क | | | | |
| ज्ञघ | पौडी पोखरी | | | | |
| ज्ञद्ध | व्यायमशाला | | | | |
| ज्ञछ | पर्यटकिय स्थल | | | | |
| ज्ञट | हाट बजार | | | | |
| ज्ञठ | पशु बधशाला | | | | |
| ज्ञड | शवदाहगृह | | | | |
| ज्ञढ | बसपार्क | | | | |
| द्दण | अन्य पार्किङ्ग क्षेत्र | | | | |

## अनुसूची ३ : स्थानीय राजस्व परामर्श समिति गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था

**(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिमको व्यवस्था)**

**समितिको गठन (उपदफा १) :**

| | | |
|---|---|---|
| क) उपाध्यक्ष | - | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरू मध्येबाट एक जना महिला सहित दुई जना सदस्य | - | सदस्य |
| घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - | सदस्य |
| ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - | सदस्य |
| च) कार्यपालिकाको राजस्व महाशाखा, विभाग वा शाखा प्रमुख | - | सदस्य सचिव |

**समितिको काम, कर्तव्य र अधिकार (उपदफा २) :**

| |
|---|
| क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने, |
| ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने, |
| ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, |
| घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने, |
| ङ) कर राजस्व, गैरकर राजस्व, सेवाशुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने, |
| च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने । |

**उपदफा ३:** उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्दछ ।

**उपदफा ४:** उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेप(ा गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ) ढांचा

**(स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा प्रकाशित को अनुसूची २ बमाजिम)**

बगनासकालि गाउँपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन, **..........**

**क) पृष्ठभूमि**

**ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण**

**ग) राजस्व नीतिहरु**

**घ) करका आधारहरु**

**ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर**

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व रकम**

| सि.नं. | राजस्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**छ) निष्कर्ष तथा सुझावहरु**

**(....................)**

संयोजक ।...............

सदस्य ।................

अनुसूची ५ आर्थिक कार्यविधि

**(स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा प्रकाशित को अनुसूची २ बमाजिम)**

बगनासकालि गाउँपालिका

## बगनासकाली गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४

प्रस्तावना:

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बगनासकाली गाउँपालिकाको सञ्चित कोषको संचालनगर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्चगर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न,आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथाअसुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित,व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२२ बमोजिमको बगनासकाली गाउँसभा बमोजिमको यो कानून बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कानूनको नाम " बगनासकाली गाउँपालिकाको आर्थिक कार्यविधि कानून,२०७४"रहेकोछ ।

(२) यो कानूनसभाबाट पारित भएको मितिदेखिलागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा

बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा गाउँ/नगरलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ ।

(ग) "आन्तरिक लेखापरीक्षण" भन्नाले बगनासकाली गाउँपालिकाकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ ।

(घ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनुपर्छ ।

(ड.) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा बगनासकाली गाउँपालिकाकाको कार्यकारी अधिकृत, गाउँपालिकाको कार्यकारी अधिकृतको हकमा बगनासकाली गाउँपालिकाकाको अध्यक्ष/प्रमुख र अध्यक्ष/प्रमुखको हकमा गाउँ/नगर कार्यपालिकासम्झनुपर्छ ।

(च) "कारोबार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ ।

(छ)"कार्यकारी अधिकृत" भन्नाले बगनासकाली गाउँपालिकाको प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाल बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले बगनासकाली गाउँपालिका मातहत रहेको बिषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(झ)"कार्यालय प्रमुख" भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले बगनासकाली गाउँपालिका सम्झनु पर्छ ।

(ट) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने,सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले बगनासकाली गाउँपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाईजनाउँछ ।

(ठ) "तालुक कार्यालय" भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा बगनासकाली गाँउ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कानून अन्तर्गत बनेका नियमावली,निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ढ) "गाँउपालिका" भन्नाले बगनासकाली गाँउपालिकालाई सम्झनुपर्छ ।

(ण) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(त) "बजेट संकेत" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा रही गाउँ/नगर पालिकाको कार्यालय, बिषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना कार्यकक्रम आदिकोकार्य प्रकृति र संगठन समेत छुट्टिने गरी बगनासकाली गाँउपालिकाले दिएको संकेतलाई जनाउँछ ।

(थ) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ ।

(द) "बैंक" भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त बगनासकाली गाउँपालिकाले तोकेको कुनै बैंक सम्झनु पर्छ र सो शव्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्नेगरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(ध) "मातहत कार्यालय" भन्नाले बगनासकाली गाउँपालिका मातहत रहेको वडा कार्यालय वा बिषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई सम्झनुपर्छ ।

(न) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(प) “लेखा उत्तरदायी अधिकृत” भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन,

राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको बगनासकाली

गाउँपालिकाको प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ।

(फ) “वडा कार्यालय” भन्नाले बगनासकाली गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ।

(व) “वडा सचिव” भन्नाले बगनासकाली गाउँपालिकाको वडा सचिवलाई सम्झनुपर्छ।

(भ) “विनियोजन” भन्नाले बगनासकाली गाउँपालिका सभाद्वारा विभिन्न कार्यहरुकालागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ।

(म) “वित्तीय विवरण” भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनुपर्छ र सो शव्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा वनाइएको बजेट अनुमान,निकाशा, खर्च,आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ।

(य) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(र) “सञ्चित कोष” भन्नाले बगनासकाली गाँउपालिकाको सञ्चित कोष सम्झनुपर्छ।

(ल) “सभा” भन्नाले बगनासकाली गाँउ सभालाई सम्झनुपर्छ।

(व) “संपरीक्षण” भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्छ्योट सम्वन्धी

कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा  गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ।

(श) “कार्यपालिका” भन्नाले बगनासकाली कार्यपालिकालाई सम्झनुपर्छ।

(ष) “सार्वजनिक जवाफदेहीको पद” भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा

नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ।

(स) “बिषयगत शाखा” भन्नाले बगनासकाली गाँउपालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## सञ्चित कोषसञ्चालन सम्वन्धी व्यवस्था

३. सञ्चित कोषको सञ्चालन:

(१) सञ्चित कोषमा देहायका रकमहरु रहनेछन्:–

(क)गाउँ/नगर सभाबाट स्वीकृतकानून बमोजिम लगाईएको कर तथा गैर कर वापत असुल भएको राजस्व रकम।

(ख)नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँडवापत प्राप्त रकम।

(ग)नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान,सशर्त अनुदान,समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।

(घ) गाउँ/नगर पालिकाले लिएको आन्तरिक ऋणवापतको रकम ।

(ङ) अन्य प्रचलित कानून बमोजिमगाउँ/नगरपालिका नाममा प्राप्त भएको अन्य आय वापतको रकम ।

(२) उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त गाउँ/नगरपालिकाले तोकेको कुनै बंकै मा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानूनर अन्य प्रचलित कानूनको अधीनमा रहीसञ्चित कोषको संचालनगाउँ/नगर पालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ

४. सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः (१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व गाउँ/नगर पालिकाको कार्यकारी अधिकृतको हुनेछ । (२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय,महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

५. बजेट तथा कार्यकम तर्जुमा गर्नेः

(१) आगामी आर्थिक वर्षमा गाउँ/नगरले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यकमको लागि संविधानको धारा २३० वमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यकम तर्जुमागर्ने प्रयोजनकालागि उपलव्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पर्नेछ ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार १५ गतेभित्र सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउँ/नगरपालिकास्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ ।

(६) गाउँ/नगरपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको खाका तयार गर्नुपर्नेछ ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. बजेट निकासाः

(१) सभाबाट बजेट स्वीकृत भएको७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी कार्यकारी अधिकृतले मातहतकार्यालय प्रमुखलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारीप्राप्त भएपछि तोकिएबमोजिम बैकमार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्नेछ । तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसावमिलान बाहेकको अन्य भुक्तानी सम्वन्धीकाम हुनेछैन ।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।
(४) रकम निकासा भएपछि तोकिएकापदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्नेछ ।
(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्नेर कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।
(६) यस कानूनर प्रचलित अन्य कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।
७. बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेः दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा
रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार गाउँपालिकाले पूर्ण वा आंशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।
८. खर्च गर्ने कार्यविधि : गाउँपालिकाकोकार्य तथा आयोजना सञ्चालन गर्ने,धरौटी, दस्तुर,सेवा शुल्क लिने,पेश्की दिने तथा फछ्र्यौट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिकोसंरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिन्हा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।
९. रकमान्तर तथा श्रोतान्तरः
(१) .गाउँ/नगरपालिकाकोस्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम पुग भएमा सोनपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमाबचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी गाँउ/नगर कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ ।
तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन ।
(२)उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार गाँउ/नगर कार्यपालिकाले कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(३) गाउँ/नगर पालिकाको विनियोजन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार सभाको हुनेछ ।
(४) रकमान्तर तथा स्रोतान्तरसम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।
१०. बजेट फिर्ता हुनेः
स्वीकृत बार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

## परिच्छेद-४
## कारोबारको लेखा

११. कारोबारको लेखा :
(१) विनियोजन,धरौटी एवं राजश्व तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमाआधारित लेखा प्रणाली अनुसार राखिनेछ ।
तर महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ ।
(२) उप नियम (१) बमोजिमको लेखा राख्नकालागि आवश्यक लेखा ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले अनुदान, सहायता,लगानी,विनियोजन,राजश्व तथा धरौटीका अतिरिक्त अन्य सवै प्रकारकाकारोवार र खर्चको लेखा गाउँपालिकाले तयार गरी राख्नुपर्नेछ ।

(४) लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन,राजस्व,धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी गाउँ कार्यपालिका, गाउँ सभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

१२. जिम्मेवार व्यक्ति जवाफदेही हुने :

(१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्टदेखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरीगराई राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनकोपालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्नेर मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउनेउत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) वमोजिम लेखा तयार गरेनगरेको वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाँचबुझ तथानिरीक्षण गर्दा वा लेखापरीक्षण हँदु ा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरीकारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसकोजवाफदेही वहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले लेखा सम्बन्धी काममा अनियमित हुन गएमाजिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारीसमक्ष कारण खुलाईनियमित गराउनको लागि पेश गरेमा लेखा उत्तरदायी अधिकृतले तोकिएको म्यादभित्रत्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ ।

तर मनासिवकारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिनआएमा
लेखाउत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रूपैयाँ रत्यसपछि पनि दोहोरिन आएमा पटकैपिच्छे एक हजार रूपैयाँ जरिवाना गरी प्रचलितकानून बमोजिम विभागीय कारबाही समेत गर्न
सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्रनिर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ रसोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाँजरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो कानून तथायस कानून अन्तरगत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेकोदेखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालयले कलमै पिच्छे दुई सय रूपैयाँ जरिवाना गर्न सक्नेछ । एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्यदोहोरिन आएमा कलमैपिच्छे पाँच सय रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिमविभागीय कारबाही समेत गर्नु पर्नेछ ।

(७) यो कानून वा यस कानूनअन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको,लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमाजाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी कार्यकारी अधिकृतको हुनेछ ।

१३. राजस्व दाखिला र राजस्व लेखाः

(१) प्रचलित कानून बमोजिम गाउँ/नगरपालिकालाईप्राप्त हुने राजस्व तथा अन्य आय रकमहरुकार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिमसंचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नु पर्नेछ ।
(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षणगराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व कार्यकारी अधिकृतको हुनेछ ।
१४. नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्ने :
(१) जिम्मेवार व्यक्तिले आफ्नोजिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सीमालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सीदाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिवकारण खुलाई एक तहमाथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भैआएमा एक तह माथिको अधिकारीले मनासिवकारण देखेमा एकै पटक वा दुई पटक गरीबढीमा पैंतालीस दिनसम्मको म्याद थपिदिन सक्नेछ ।
(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवारव्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पाँच सय रूपैयाँ वा बिगोको दशप्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।
(४) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्टतोकिएको बंकै खातामादाखिला नगरेको देखिन आएमा सम्बन्धित कार्यकारी अधिकृतले दश दिनसम्म ढीलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्नलगाउने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेतदाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवानागरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीयकारबाही समेत गर्न गराउन सक्नेछ ।
१५. आर्थिक प्रतिवेदन पेश गर्ने :
(१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी,वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी गाउँ/नगर कार्यपालिका, गाउँ/नगर सभा,महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।
(२) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएकोकार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।
(३) गाउँ/नगर पालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्वन गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुरुपको हुनेछ ।
(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेखअद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ । १६. हानी नोक्सानी असुल उपर गरिने :
यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोबारकोलेखा ठीकसँग नराखेको कारणबाट गाउँ/नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानीतथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवारव्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
परिच्छेद-५

## आन्तरिक नियन्त्रण, लेखापरीक्षणतथा बेरुजु असुल फछ्र्यौट

१७. आन्तरिक नियन्त्रण प्रणाली:

(१) गाउँ/नगर पालिकाले आफ्नो र मातहतकाकार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्घान्त,नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

१८. आन्तरिक लेखापरीक्षण:

(१) गाउँकार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखावा तोकिएको अधिकृतबाट हुनेछ ।

(२) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाकोआन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वाजिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएमा कार्यकारी अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानि नोक्सानी भएको रकमअसुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

१९. स्पष्टीकरण नदिने उपर कारबाही :

(१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणकोसिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरणतोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवारव्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भईमनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारणमनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायलेमनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफवा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नुपर्नेछ ।

२०. बेरुजु असूल फछ्र्यौटनियमित र लगत कायम गर्ने :

(१) महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको वेरुजु असूल उपर गर्नु पर्ने तथा तिर्नु वुझाउनु पर्ने भनी ठहऱ्याईएको रकमको लगत कार्यालयले अध्यावधिक गरी गराई राख्नुपर्नेछ ।

(२) लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको वेरुजु रकम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्नेछ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजुसम्बन्धमा कार्यपालिकाको अनुमतिलेसभामा उपस्थित भई आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फर्छ्यौट सम्वन्धीकाम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) वेरुजु असूल फर्छ्यौट,नियमित र लगत कायम गर्ने सम्वन्धमा सभामा छलफल भई प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिमसम्वन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) बेरुजु फछ्र्यौट सम्वन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-६

## बरबुझारथ, लिलाम बिक्रि तथा मिन्हा सम्बन्धी व्यवस्था

२१. बरबुझारथ :

(१) गाउँ/नगर पालिकाका निर्वाचित प्रतिनिधिले आफू जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको प्रमाण लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामोअवधिमा काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारीकागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्रलिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति वहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी रबहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण,उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरीबरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनैधनमालनोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलितकानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२२. नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने :

(१)कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वाअन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएकोदेखिन आएमा कार्यकारी अधिकृतले प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नुगराउनु पर्नेछ ।

(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत,संरक्षण,वरवुझारथ र जवाफदेही सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. लिलाम बिक्री तथा मिन्हा दिने :

(१) यस कानून तथा यसअन्तर्गत बनेको नियम बमोजिम जिन्सीनिरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेखभएको मालसामानहरू कार्यकारी अधिकृतले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलामबिक्री गर्न सकिनेछ ।

(२) यस कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योकानूनअन्तर्गतउठ्न नसकेको बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबूबाहिरको परिस्थितिले गर्दा तथा सुखाजर्ती भई वा खिएर, सडेर गई वा अन्यकारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐनबमोजिम लिलाम बढाबढहँदु ा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा कार्यपालिकाबाटतोकिए बमोजिमको कार्यविधिअपनाई मिन्हा दिन सकिनेछ ।

## परिच्छेद-७

## विविध

२४. काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी : लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवारव्यक्ति लगायत नगदी वा जिन्सी सम्वन्धीकामगर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२)उपदफा (१)वमोजिम तोकिएको काम,कर्तव्य, अधिकार तथा जिम्मेवारी अनुसार सम्वन्धित व्यक्तिले जवाफदेहीता वहन गर्नुपर्नेछ ।

२५. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने : यस कानून र अन्य प्रचलित कानूनबमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु सम्वन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

२६. आर्थिक प्रशासनको सञ्चालन: (१) गाउँ/नगरपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्वन्धी व्यवस्था तोकिए वमोजिमहुनेछ ।

(२) उपदफा (१) वमोजिमकोव्यवस्था नभएसम्मकालागि यो कानूनर यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

२७. संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनलाई आधार मान्नुपर्ने : गाउँपालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनुपर्नेछ ।

२८. विद्युतीय प्रविधिको प्रयोग गर्न सक्ने:(१) यस कानूनबमोजिम आर्थिक कारोवारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणलीको प्रयोग गर्न सकिनेछ ।

(२)उपदफा (१) बमोजिमको आवश्यक प्रणाली गाउँपालिका आंफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) वमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको सिद्धान्त एवं वित्तीय ढाँचाको एकरुपताकालागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

२९. लेखापरीक्षण सहजीकरण समिति: (१) गाउँ/नगर पालिकाबाट सम्पादन गरिने कार्यहरुमाआन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाईसमयमै तयार गर्न तथा विश्वसनीय बनाउन,बेरुजु फर्छौट गर्न गराउन गाउँ कार्यपालिकाले आफूमध्येबाट तोकेको सदस्यको अध्यक्षतामा गाउँ पालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको
अधिकृत, कार्यकारी अधिकृतले तोकेको गाउँपालिकाको अधिकृत र प्राविधिक अधिकृतसमेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३०. यस गाँउपालिका गठन भएपछि भएका सम्पूर्ण आर्थिक गतिविधिहरु यसै कानून बमोजिम भएको मानिनेछ ।

३१. अधिकार प्रत्यायोजन:योकानूनवा यसअन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिमका अधिकार वाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्नेगरी प्रत्यायोजन गर्न सकिनेछ ।

३२. नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकार: यस कानूनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले

**आवश्यक नियमहरु,निर्देशिका,कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।**

# अनुसूची-५: अभिमुखिकरणमा सहभागिहरुको नामावली

| क.स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षेत्री | जनजाति पहाड/त राई | दलित पहाड/त राई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| १ | कृष्णप्रसाद बस्याल | अध्यक्ष | ९८५७०६८४७७ | | – | √ | – | – | √ | – | – | – | – | – |
| २ | सरस्वती चिदी | उपाध्यक्ष | ९८४७०४२२६६ | | √ | – | – | √ | – | | | | | |
| ३ | बिष्णु घर्ति | प्र.प्र अ. | ९८५७०६८८६८ | | – | √ | – | √ | – | | | | | |
| ४ | पबीसरा दर्लामी | कार्यपालिका स. | ९८४७१७१७२७ | | √ | – | – | √ | | | | | | |
| ५ | पम्फा गौतम | प्रतिनिधि | ९८४७११८०५७ | | √ | – | – | √ | | | | | | |
| ६ | कुल प्रसखद ढुङ्गाना | वडासस्य | ९८४७१००३२० | | – | √ | | | | √ | | | | |
| ७ | तेजप्रसाद रसाली | कापास | ९८६९७८६१८३ | | – | √ | – | | √ | | | | | |
| ८ | पदमबहादुर थापा | सदस्य | ९८४७३२३६९० | | – | √ | – | √ | | | | | | |
| ९ | खुमबहादुर बि.क. | माओवादी केन्द्र | ९८४७११७८९७ | | – | √ | – | √ | | | | | | |
| १० | यादव प्रसाद न्यौपाने | आलेप अ. | ९८४७०२९२१४ | | – | √ | – | √ | – | | | | | |
| ११ | भरतराज धिमिरे | योजना शाखा | ९८४७०२९४०४ | | – | √ | | √ | | | | | | |
| १२ | नारायण प्रसाद गैरे | वडासचिव | ९८४७१६८१०८ | | – | | | | √ | | | | | |

| क्र.स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षेत्री | जनजाति पहाड/तराई | दलित पहाड/तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| १३ | मणिराम अधिकारि | स्वाशा प्र. | ९८५७०६२१६८ | | – | √ | – | √ | – | | | | | |
| १४ | भोजराज भट्टराई | MIS अपरेटर | ९८६७०५२४३३ | | – | √ | – | √ | | | | | | |
| १५ | बसन्ती थापा | का.स. | ९८४७२२२५८० | | √ | – | – | √ | – | | | | | |
| १६ | सीता नेपाली | का.स. | ९८४७११५५१६ | | √ | – | – | √ | – | | | | | |
| १७ | कोशल राज पौडेल | लेखाअधिकृत | ९८५७०६८४६४ | | – | √ | – | √ | – | | | | | |
| १८ | ई.विपिन ढकाल | इन्जिनीयर | ९८४३००४६५३ | | – | √ | – | √ | – | | | | | |
| १९ | सुजन घिमिरे | अ.छठौ | ९८४७०६३४४८ | | – | √ | – | √ | – | | | | | |
| २० | गोपाल प्र. न्यौपाने | स.पांचौं | ९८५७०६५८८४ | | – | √ | – | – | √ | | | √ | | |
| २१ | माधव भण्डारी | स. चौथो | ९८६६१३०४९९ | | – | √ | – | | √ | | | | | |
| २२ | पदम बहादुर थापा | राजमो | ९८६७३४०९९५ | | – | √ | – | √ | – | | | | | |
| २३ | गुनाराम खनाल | शा.अ. आठौ | ९८५७०६५८८० | | – | √ | – | √ | – | | | | | |
| २४ | ध्रुव पराजुली | सु.प्र अ. | ९८५७०५१२४१ | | – | √ | – | √ | – | | | | | |
| ३५ | गुन बहादुर बुढाथोकी | वडा अध्यक्ष | ९८६७९५२११२ | | √ | – | – | √ | √ | | | | | |
| २६ | सोम बहादुर के.सी. | वडा अध्यक्ष | ९८४७३३६८५९ | | – | √ | – | √ | – | | | | | |
| २७ | नारायण प्र. आचार्य | वडासचिव | ९८४७२३२३२० | | – | √ | – | √ | – | | | | | |

| क. स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशीकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | ब्रा. क्षेत्री | जनजाति पहाड/तराई | दलित पहाड/तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| २८ | हरि प्रसाद वस्याल | वडासचिव | ९८४७११३९१६ | | – | √ | | | | | | | | |
| २९ | युवराज पाण्डेय | वडासचिव | ९८५७०१२६०० | | – | √ | | | | | | | | |
| ३० | तिलक ब. वुचा | वडासचिव | ९८४७१२६८१९ | | – | √ | | | | | | | | |
| ३१ | सरिता पाण्डे | रोजगार सं | ९८४७५५०६४३ | | √ | – | | | | | | | | |
| ३२ | धन कुमारी राना | समवि नि. | ९८४०११३०६५ | | √ | – | | | | | | | | |
| ३३ | हुतमान सिंह दलार्मी | वडा अध्यक्ष | ९८५७०९८०६१ | | – | √ | | | | | | | | |
| ३४ | गणेश नेपाली | प.स्वा प्रा. | ९८४६७२४७९९ | | – | √ | | | | | | | | |
| ३५ | बुद्ध नेपाली | अमिन | ९८४२८४४२२५ | | – | √ | | | | | | | | |
| ३६ | विराट गैरे | वडा सचिव | ९८४७०६७९०२ | | – | √ | | | | | | | | |
| ३७ | खुमा देबी भट्टराई | कापास | ९८४७३४७५०७ | | √ | – | | | | | | | | |
| ३८ | टिका बहादुर थापा | वडा अध्यक्ष | ९८४७०४५१७३ | | – | √ | | | | | | | | |
| ३९ | निशा मरासिनी | | ९८५७०८३५७४ | | √ | – | | | | | | | | |
| ४० | उमा भट्टराई | अहेब | ९८४७५१६३२१ | | √ | – | | | | | | | | |

**जनप्रतिनिधिको संख्या ६** **कर्मचारीको संख्याः ३१** **अन्य सहभागीको स.३**